**मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न**
- चीसोमा बाहिर ननिस्कौं,
- धुम्रपान र मद्यपान नगरौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं,

आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**PRATEEK DAILY**

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epratekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ फागुन २१ गते शनिवार // मृत भस्म नबनेदैमा भिल्को भैकन बल्नुछ // 2022 March 05 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८९

## नेका, पर्साको सभापतिमा जनार्दनसिंह क्षत्री विजयी

प्रस, वीरगंज, २० फागुन/ नेपाली काङ्ग्रेस, पर्साको सभापतिमा जनार्दनसिंह क्षत्री विजयी भएका छन्। शुक्रवार बिहान आएको मतपरिणामबाट उनले निकटतम प्रतिद्वन्द्वी श्याम पटेललाई ४६५ मतअन्तरले पराजित गर्दै विजयी भएका हुन्। क्षत्रीले एक हजार ११० मत पाए भने पटेलले ६४५ मत पाएका थिए। एक हजार ८१७ मतदातामध्ये बिहीवार रातिसम्म भएको मतदानमा एक हजार ७७८ जना सहभागी थिए। नेका, पर्सा जिल्ला कार्यसमितिको सम्पूर्ण पदाधिकारीमा क्षत्रीको प्यानल विजयी भएको छ।


तस्वीरः प्रतीक

उपसभापतिमा रामनारायण कुर्मीले एक हजार २३५ मत र अर्का उपसभापति अशोककुमार गुप्ताले एक हजार १०२ मत ल्याएर विजयी भए। उनीहरूका प्रतिद्वन्द्वी डा कृपासिन्धु चौधरीले ५८५ र राजुकुमार गुप्ताले ४८२ मत ल्याएका थिए।

सचिवमा क्षत्री प्यानलकै इस्तियाज आलमले एक हजार १०७ र दिनेशकुमार चौधरीले एक हजार १५९ मत ल्याएर विजयी भए। उनीहरूका प्रतिद्वन्द्वी विश्वराज घिमिरेले ४६५ र वीरेन्द्र यादवले ५९७ मत ल्याए।

सहसचिवमा क्षत्री प्यानलकै नवीनकुमार सिंहले एक हजार २५३ र मदनराउत अहिरले एक हजार १११ मत पाएर विजयी भए। उनीहरूका प्रतिद्वन्द्वी लुकमान अन्सारीले ४५१ र दीलिपराज कार्कीले ५८२ मत पाए।

निर्वाचित पदाधिकारीहरूलाई नेकाका राहुल गुप्तालगायतले फूलमाला लगाएर स्वागत गरेका थिए।

## विद्युत् प्राधिकरणद्वारा फागुनसम्म साढे ११ करोड राजस्व असुली

नितेश कर्ण, वीरगंज, २० फागुन/ नेपाल विद्युत् प्राधिकरण, वीरगंज वितरण केन्द्रले साउन १ गतेदेखि फागुन ११ गतेसम्म एक हजार ३१० जनाको विद्युत् लाइन अवरुद्ध गरेर रु ११ करोड ५६ लाख २८ हजार ९९९ असुली गरेको छ।



तस्वीरः फाइल

वितरण केन्द्रका प्रमुख जीतेन्द्र झाले लाइन काटिएका एक हजार ३१० जनाबाट रु १२ करोड ८९ लाख ७८२ महसूल असुल गर्न बाँकी रहेकोमा रु ११ करोड ५६ लाख २८ हजार ९९९ महसूल असुली भएको बताए।

यसैगरी, उनले रि-कनेक्शन दस्तुरबाट रु नौ लाख ८८ हजार ४११ असुली भएको बताए। विद्युत् चुहावट गरेका ६३ जनाविरुद्ध कारबाई भएको र उनीहरूबाट रु २९ लाख ३४ हजार ६७५ असुली भएको बताए। १६ जना ग्राहकलाई कालोसूचीमा राखेको र उनीहरूबाट रु ८ लाख ८३ हजार १०७ असुली भएको बताए।

## भूमाफियाले सार्वजनिक जग्गा प्लटिङ गरी भौतिक संरचना निर्माण गरेपछि महानगरद्वारा कारबाई शुरू


१० कठ्ठा सार्वजनिक जग्गा अतिक्रमणबारे नगरप्रमुख सरावगीलाई जानकारी गराउँदै स्थानीय र सिंघाही नदीमा तटबन्ध गर्न खसालिएको ढुङ्गा। तस्वीरः प्रतीक

प्रस, वीरगंज, २० फागुन/ वीरगंज महानगर-१५, भेडियाहीटोलमा भूमाफियाहरूले नदीको सार्वजनिक जग्गा कब्जा गरेपछि वीरगंज महानगरपालिकाको कार्यालयले कारबाई प्रक्रिया शुरू गरेको छ।

नगरप्रमुख विजयकुमार सरावगीले सो ठाउँमा पुगी कब्जा गरिएको जग्गामा भइरहेको निर्माण कार्य रोक्का गरेका छन्।

स्थानीयवासीका अनुसार सिंघाही नदीको छेउमा केही भूमाफियाहरूले १० बिघा जग्गा खरीद गरी प्लटिङ गरेका थिए। भूमाफियाले खरीद गरेको जग्गानजीकै १० कठ्ठा सार्वजनिक जग्गा रहेकामा सोलाई पनि कब्जा गरी पक्की संरचना निर्माण गरिरहेको स्थानीयवासीले नगरप्रमुख सरावगीलाई गुनासो गरेका थिए।

नगरप्रमुख सरावगीले जग्गाधनीलाई उपस्थित हुन पटक-पटक पत्राचार गर्दा पनि जग्गाधनी नआएपछि सो ठाउँमा पुगेर निर्माण कार्यमा रोक लगाउँदै आवश्यक कागजातसहित कार्यालयमा आउन आदेश दिएका थिए।

डब्लु, ताज अहमद, रामदेव सिंह भन्ने व्यक्तिले सो स्थानमा १० बिघा जग्गा खरीद गरी जग्गानजीकै १० कठ्ठा सार्वजनिक जग्गालाई पनि प्लटिङ गरेको बुझिएको छ।

जग्गाधनीहरूले नदीको छेउमा तटबन्ध गर्ने उद्देश्यले ढुङ्गा खसालेका थिए। सो ठाउँमा एकोहोरो तटबन्ध गर्दा नदीले अर्काको जग्गा कटान गर्ने भन्दै स्थानीयवासीले निर्माण कार्य रोक्न वडा कार्यालय तथा महानगरको कार्यालयमा निवेदन दिएका थिए।

## सिम्रौनगढ बजार व्यवस्थित गरिँदै

प्रस, सिम्रौनगढ, २० फागुन/ सिम्रौनगढ नगरपालिकामा नगरप्रहरी र प्रहरीको सहयोगमा बजार व्यवस्थापन शुरू भएको छ। जथाभावी सडक फुटपाथमा खुद्रा बजार थापेर बसेकाहरूलाई नगरप्रहरीको टोलीले व्यवस्थापन गरेको छ।


तस्वीरः प्रतीक

तरकारी, माछामासु, कुखुराको स्टल सडकमा राखेर बिक्री गर्ने, भुजा, भाँडाकुँडा, डोरीलगायत खुद्रा सामानहरू खुद्रा पसलेहरूले बाहिर राखेर बिक्री गर्ने गरेकामा नगरप्रहरीले खाली गराएर बाटो फराकिलो गराएको छ। अव्यवस्थित तरीकाले बजार लाग्दा सडकमा आवतजावतको लागि समस्या हुने गरेको थियो।

तरकारी बजारलाई सडकदेखि दक्षिण पुरानो भन्सार क्षेत्रमा र माछामासुको स्टललाई सडकदेखि पश्चिम गोरुबजारमा सारिएको छ। नगरप्रहरी प्रमुख रवीन्द्रकुमार यादवले बजार निर्धारित ठाउँमा सञ्चालन भए-नभएकोबारे निगरानी गर्ने बताए। उनले अव्यवस्थित बजार सञ्चालनका कारण नगरमा ट्राफिक समस्या बढेको गुनासो आएपछि बजार व्यवस्थापन गरिएको बताए।

## अनावश्यक शुल्क उठाएको भन्दै विद्यालयमा तोडफोड/आगजनी

प्रस, रौतहट, २० फागुन/ गौरस्थित जुद्ध उच्च माविमा विद्यार्थीहरूले शुक्रवार तोडफोड र आगजनी गरेका छन्। विद्यालय प्रशासनले विभिन्न शीर्षकमा शुल्क उठाएको भन्दै विद्यार्थीहरूले आगजनी गरेका हुन्।


तोडफोड/आगजनी गर्दै विद्यार्थीहरू। तस्वीरः सौजन्य

सार्वजनिक विद्यालयले माध्यमिक तहसम्म कुनै पनि बहानामा शुल्क लिन नपाइने भनिए पनि विद्यालयले विभिन्न शीर्षकमा शुल्क उठाएको भन्दै विद्यार्थीहरूले तोडफोड/आगजनी गरेका हुन्।

विद्यालयले अङ्ग्रेजी माध्यममा पढ्ने विद्यार्थीसँग मासिक शुल्क, भर्ना शुल्क, परीक्षा शुल्क र पाठ्यपुस्तकको समेत शुल्क लिने गरेको छ।

गौर नगरपालिका कार्यालयले कुनै पनि बहानामा शुल्क नउठाउन पत्राचार गरे पनि जुद्ध माविले मानेको छैन।

अनेरास्ववियूका केन्द्रीय सदस्य रवि मिश्रले गौर नगरपालिकाले सूचना नै जारी गरेर शुल्क नउठाउन भन्दा पनि विद्यालयले नमानेको बताए। उनले शुल्क तिर्न नसक्ने गरीब विद्यार्थीले अझै पुस्तक नपाएको बताए। उनले पटक-पटक प्रधानाध्यापकलाई शुल्क नउठाउन तथा पाठ्यपुस्तक निःशुल्क वितरण गर्न माग गर्दासमेत विद्यालय प्रशासनले अटेर गरेको आरोप लगाए। प्रधानाध्यापक चन्देश्वर राउतले विद्यार्थी सङ्ख्या बढी भएको र शिक्षक दरबन्दी कम भएपछि विद्यालयले आफ्नै स्रोतमा अङ्ग्रेजी माध्यमको कक्षा सञ्चालन गरेको र मासिक तीन सयदेखि सात सयसम्म शुल्क लिने गरेको बताएका छन्।

## चिकित्सक दिवसको अवसरमा रक्तदान

प्रस, वीरगंज, २० फागुन/ राष्ट्रिय चिकित्सक दिवसको अवसरमा नेपाल चिकित्सक सङ्घ, नारायणी शाखाले रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।



तस्वीरः प्रतीक

कार्यक्रममा एकजना महिलासहित २३ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्रमुख सौरभराज पाण्डेले जानकारी दिए। डा नीरज सिंह, डा दीपक चौरसिया, डा प्रतिभा कार्की, डा राजीव चौरसिया, डा मनोजकुमार साह, डा रवीन्द्र चौरसिया, डा महम्मद कैश, डा शेखर चौधरीलगायतले रक्तदान गरेका थिए।

कार्यक्रममा डा उदयनारायण सिंहले गर्मी बढेपछि रगतको अभाव हुने भएकोले रगतको अभावपूर्तिका लागि रक्तदान कार्यक्रमको आयोजना गर्नुपर्नेमा जोड दिए।

सङ्घका अध्यक्ष डा अरुणकुमार सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा डा गोपालप्रसाद गजुरेल, डा अमरनाथ झा, डा अरुणकुमार झा, डा रामअवतारप्रसाद खेतान, डा रणवीर सिंह, डा रवीन्द्र सिंह, सुशील चौधरीलगायतको सहभागिता थियो।

### विचारसार र सूक्तिहरू

**उदार हुनु, दृढ रहनु, ठूलो मान राख्नु र मीठो वचन बोल्नु सर्वप्रिय बन्ने साधन हो ।**

**– भीष्म**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९,
फोन नं. ०५१-५२५१२२, ५२३१०५, ९८४५०२१९१०
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com

## एमसिसी कार्यान्वयन

**अमेरिकी सहयोग परियोजना एमसिसी प्रतिनिधिसभाले पारित गरेको छ । अब यो लागू हुने र कार्यान्वयनको प्रक्रियामा अगाडि बढ्छ । हाम्रो मुलुकमा एमसिसी सहयोग परियोजना सहज कार्यान्वयन गाह्रो छ । भारतीय सहयोग परियोजना हुलाकी सडक निर्माणमा त्यो रूप देखिएको छ । हुलाकी सडक निर्माण मुलुकको हितकै लागि हो । त्यसैले हरेक वर्ष यसलाई राष्ट्रिय गौरवको परियोजनाको रूपमा राखिँदै आएको छ । तर पनि निर्माणमा सहजता भने कहिल्यै भएको छैन । मुआब्जा विवाद, वन तथा निकुञ्जको समस्या, त्यसैगरी गाउँ, टोल बस्तीहरूमा टोले राजनीति बाधक बनेर प्रस्तुत हुन्छन् । मुलुकको सबै क्षेत्रमा एउटै दलको वर्चस्व हुँदैन । क्षेत्र अनुसार फरक राजनीतिक दलको बोलबाला छ । त्यहाँका राजनीतिक दल तथा तीनका अगुवाहरू परियोजना आफ्नो स्वार्थ अनुकूल चलोस् भन्ने चाहन्छन् । यसरी नचले कुनै न कुनै बहानामा विरोध गरिन्छ र योजनामा अवरोध पुऱ्याइन्छ । त्यतिले पनि नपुगे निर्माण कम्पनीविरुद्ध भूमिगत सङ्गठनको नाममा या चुल्ठे, मुन्द्रे तिघ्रेको नाममा भौतिक कारवाई गरिन्छ । हाल चालू अवस्थामा रहेको हुलाकी सडक र मध्यपहाडी लोकमार्ग निर्माणको क्रममा यस्ता समस्याहरू धेरै आइसकेका छन् । समस्या फुकाउँदै अगाडि बढ्दा निर्धारित समयमा काम सम्पन्न हुन सक्दैन ।**

**अमेरिकी सहयोग लिने अन्य मुलुकभन्दा हाम्रो मुलुकको अवस्था अलि फरक छ । विश्व राजनीतिको दुई ध्रुव अमेरिका र चीनमध्ये चीनको निकट छिमेकी मुलुक हो नेपाल । असंलग्न परराष्ट्र नीति भनिए पनि चीन पक्षधर र अमेरिका पक्षधर फरक राजनीतिक दलहरू यहाँ छन् । कुनै पनि अमेरिकी सहयोग असफल होस् र बदनामी कमाओस् भन्ने चिनियाँ पक्षधरको चाहना हुन्छ । अर्कोतर्फ कुनै पनि हालतमा अमेरिकी सहयोग सफल होस् र चिनियाँ सहयोग फिका परोस् भन्ने अमेरिकी पक्षधरको कामना हुन्छ । यही दुई धारको द्वन्द्वले पनि एमसिसी प्रभावित हुन सक्छ । अमेरिकी सहयोग परियोजना एमसिसी भने निर्धारित समयमा अर्थात् परियोजना शुरू भएको घोषणा भएको मितिले पाँच वर्षभित्र तोकिएको काम सम्पन्न नभए बाँकी काम नेपाल सरकारले नै भुक्तानी गरेर सम्पन्न गर्नुपर्ने हुन्छ । निर्धारित समयमा काम सम्पन्न नहुनुलाई पनि अमेरिकाले भ्रष्टाचारको रूपमा हेर्ने गरेको छ र यस्ता प्रवृत्तिले राष्ट्रको अग्रगतिमा बाधा पुग्ने उसको ठहर छ ।**

**राष्ट्रिय हितभन्दा व्यक्तिगत एवं समूहगत र दलगत स्वार्थलाई प्राथमिकता दिने हाम्रो मुलुकका नेतृत्व पङ्क्तिलाई विदेशीहरूले राम्ररी चिनेका छन् । एससिसी संसद्बाट अनुमोदन गर्नु पर्ने मुख्य कारण पनि यही थियो । सरकार छिटो–छिटो परिवर्तन हुने र सोसँगै नीति पनि फेरिने भएकोले सहयोग लागू हुनुभन्दा पहिले एमसिसी नीतिमा अमेरिकाले स्थायित्वको ग्यारेन्टी खोज्यो । संसद्बाट पारित गरेर एमसिसी नीतिमा स्थायित्व तथा सर्वदलीय एकरूपता जाहेर गर्ने नेपालकै प्रस्ताव अनुसार संसद्बाट पारित गर्नुपरेको हो । दलहरूबीच विभिन्न राजनीतिक खेल तथा तिकडमबाजीबीच अन्ततः एमसिसी प्रतिनिधिसभाबाट पारित भएको छ । तर यति मात्रले एमसिसीले अनुदान दिने आयोजनाले पूर्णता प्राप्त गर्छ भन्ने छैन । हाम्रो इच्छाशक्ति र देश विकासप्रति अटुट चाहनाको अभावमा यसको हविगत मेलम्चीजस्तै बन्न बेर लाग्ने छैन । तसर्थ अब सबै विरोधाभास पन्छाई राष्ट्रहित अनुकूल हुनेगरी यसको आवश्यकता हो ।**

# एमसिसी प्रकरणले उठाएको नैतिकताको सवाल

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**वास्तवमा जनप्रतिनिधिहरूलाई केवल जनसमुदायले दिएर पठाएको काम कुरा कार्यान्वयन गर्ने अधिकारमा मात्र सीमित गर्नुपर्छ र निर्णय गर्ने अधिकार सरोकारवाला स्वयम्ले आफूसँग राख्नुपर्छ भन्ने शिक्षा एमसिसीले दिएको छ ।**

अन्ततः जनसमुदायले सोचेकै जस्तो परिणाम हुन पुग्यो प्रतिनिधिसभाभित्र । संसद्वादी दलहरूले एमसिसी सम्झौता यथास्थितिमा पारित गर्नुहुँदैन भनेर जतिधेरै सञ्चारमाध्यमहरूमा कुर्ले पनि त्यो देखावटी नाटक मात्र रहेछ भन्ने कुरा साबित हुन पुग्यो । ठूला दलहरूमा केही नेता बडो क्रान्तिकारी तथा देशभक्तको रूपमा आफूलाई जनतासामु उभ्याउनकै लागि भएपनि अन्तिम समयसम्म एमसिसीको विरोध संसद् तथा सडकसम्ममा गरेको नौटङ्की पनि यतिबेलासम्ममा सकिसकेको छ । वास्तवमा यिनीहरूको विरोध केवल पार्टीभित्र आफ्नो बार्गेनिङ पावर बढाउने कुरामा मात्र सीमित रहेको रहेछ भन्ने कुरा यतिबेला सबैलाई छर्लङ्ग भइसकेको छ ।

एमसिसीको बारेमा नेपाली काङ्ग्रेसले प्रस्ट धारणा राखेको देखियो । उनीहरूले एमसिसी पास गर्नुपर्छ भन्ने एक सूत्रीय कुरालाई कहिले पनि छोडेन बरु बहसको सुरुआतदेखि नै जसरी भएपनि यसलाई सबैले मिलेर पास गर्नुपर्छ, यो सबै पार्टीको सरकार भएको बेलामा अगाडि बढ्दै यहाँसम्म आइपुगेको हो, त्यसैले अब यहाँबाट पछाडि हट्नुहुँदैन भन्ने तहमा समेत अडिग मात्र रहेन बरु उस्तै परे प्रचण्ड, माधवसँगको सहकार्य तोडेर फेरि ओलीसँग सहकार्य गरेर भएपनि पास गर्नेसम्मको कुराकानी अगाडि बढाएपछि गठबन्धन भत्किने डरले हतारमा प्रचण्डले व्याख्यात्मक टिप्पणीजस्तो काइते कुरा गरेर एमसिसी पास गर्ने तहमा पुगेको सबैलाई अनुभूति भइसकेको छ । व्याख्यात्मक टिप्पणी भनेको के हो त ?

व्याख्यात्मक टिप्पणी भनेको केवल आत्मसन्तुष्टि तथा देश र जनतालाई भ्रमित गर्ने उपक्रमबाहेक अरू केही पनि होइन भन्ने कुरासमेत यतिबेला सबैले बुझिसकेका छन् । संसद्ले पारित गरेको एमसिसीसम्बन्धी व्याख्यात्मक टिप्पणी एमसिसी सम्झौताको कानूनी अङ्ग नभएको कुरा जगजाहेर भइसकेको छ । व्याख्यात्मक टिप्पणीको नाममा अर्थमन्त्री जनार्दन शर्माले संसद्मा पेश गरेको घोषणामा रहेका १२ बुँदाहरूलाई एकपटक हेर्दा केही कुरा प्रस्ट हुन्छ ।

१) कम्प्याक्टको पक्षमा भएका कारण नेपाल अमेरिकाको इन्डो–प्यासिफिक स्ट्राटेजीलगायत कुनै पनि सामरिक सैन्य वा सुरक्षा गठबन्धनमा आबद्ध भएको मानिनेछैन भनी घोषणा गर्दछ ।

२) देशको मूल कानूनको रूपमा रहेको नेपालको संविधान कम्प्याक्ट र कम्प्याक्टसँग सम्बन्धित अन्य सम्झौताहरूभन्दा माथि रहेको भनी घोषणा गर्दछ ।

३) कम्प्याक्टको दफा २.७, दफा ५.१ (ख) ३, दफा ५.१ ख ४ को कम्प्याक्टका ती दफाहरूको उद्देश्य एमसिसी अनुदान तथा परियोजनाको सम्पत्ति उपयोगका सन्दर्भमा मात्र लागू हुन्छ भन्ने बुझाइ नेपालको रहेको छ र ती प्रावधानले एमसिसीको अनुदानको प्रयोगबाहेक अन्य कुनै पनि उद्देश्यका हाल विद्यमान वा भविष्यमा निर्माण हुने अमेरिकी कानून वा नीतिहरूको पालना गर्न नेपाल बाध्य हुनेछैन भन्ने घोषणा गर्दछ ।

४) कम्प्याक्टको दफा ३.२ (ख) का सम्बन्धमा मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिआर नेपाल)ले सञ्चालन गर्ने क्रियाकलाप नेपालको कानूनद्वारा निर्देशित र कम्प्याक्ट अनुसार नियमित हुनेछ भनी घोषणा गर्दछ ।

५) कम्प्याक्टको दफा ३.२ (च) को सम्बन्धमा कम्प्याक्टको उपयोगबाट सिर्जना हुने बौद्धिक सम्पत्तिमाथि एमसिसीको स्वामित्व रहनेछैन । कम्प्याक्ट कार्यक्रम अन्तर्गत सिर्जन हुने सम्पूर्ण बौद्धिक सम्पत्तिउपर नेपालको स्वामित्व रहनेछ र त्यसको पूर्ण उपयोग नेपालले गर्न पाउनेछ भनी घोषणा गर्दछ ।

६) कम्प्याक्टको दफा ३.८ (क)को सम्बन्धमा एमसिए नेपालका सबै क्रियाकलाप तथा कोषको लेखापरीक्षण प्रचलित नेपाल कानून बमोजिम महालेखापरीक्षकबाट हुनेछ भनी घोषणा गर्दछ ।

७) कम्प्याक्टको दफा ५.१ (क)को सम्बन्धमा नेपालले ३० दिनको लिखित पूर्वसूचना दिई विना कुनै कारण कम्प्याक्ट अन्त्य गर्न पाउने अधिकारका अतिरिक्त कम्प्याक्ट अन्तर्गतका क्रियाकलाप वा कार्यक्रम सञ्चालन गर्दा नेपालको कानून वा नीतिको उल्लङ्घन गरेकोमा समेत ३० दिनको पूर्वसूचना दिई कम्प्याक्ट अन्त्य गर्न पाउने अधिकार राख्दछ भनी घोषणा गर्दछ ।

८) कम्प्याक्टको दफा ५.५ को सम्बन्धमा कम्प्याक्टको समाप्ति, निलम्बन वा अन्त्यपश्चात् पनि लागू हुने भनिएका प्रावधानहरू कम्प्याक्ट कार्यक्रम र एमसिसी अनुदानको उपयोगलगायत कम्प्याक्ट अन्तर्गतका परियोजनाहरूको मूल्याङ्कन, लेखापरीक्षण र करको फरफारकको हदसम्म मात्र सान्दर्भिक हुनेछ भनी घोषण गर्दछ ।

९) कम्प्याक्टको दफा ७.१ को सम्बन्धमा कम्प्याक्ट अन्तर्गतका कार्यक्रमको कार्यान्वयन कम्प्याक्ट तथा नेपालको प्रचलित राष्ट्रिय कानून बमोजिम हुनेछ भनी घोषणा गर्दछ ।

१०) कम्प्याक्टको दफा ८.१ को सम्बन्धमा विद्युत् प्रसारण परियोजनालगायतका सबै चल तथा अचल सम्पत्ति र परियोजनासँग सम्बन्धित जग्गा नेपाल सरकार वा नेपाल सरकारका निकायको स्वामित्वमा रहनेछ भनी घोषणा गर्दछ ।

११) कम्प्याक्टमा रहेका प्रावधानहरूको आशय र प्रयोगको बारेमा मिलेनियम च्यालेन्ज कर्पोरेशनबाट २०७८ भदौ २३ मा नेपालले प्राप्त गरेको स्पष्टीकरणले कम्प्याक्टको व्याख्या तथा कार्यान्वयनमा मदत गर्ने बुझाइ नेपालको रहेको छ ।

यसरी पटक–पटक जनताको आँखामा छारो हाल्न खप्पिस संसद्वादी नेताहरू यसपटक यिनको चरित्र नाङ्गिन पुगेको छ । अर्काको आश्रयमा हिंड्दा अफगानिस्तानले कुन समस्या भोग्नुपऱ्यो, त्यो सबैले हेरेकै छ । भर्खरै अमेरिकी स्वार्थमा हिंड्न खोज्दा युक्रेनमाथि कति ठूलो सङ्कट आइपरेको छ, त्यसबारे सबैले प्रत्येक दिन समाचार सुनिरहेको/देखिरहेकै छन् । ६० अर्ब रुपैयाँ बराबरको अमेरिकी कथित अनुदान सम्झौता गत आइतवार होहल्लाका बीचमैं एमसिसी पास भएको थियो । सत्ता गठबन्धनकै प्रमुख घटकहरूमध्येको नेकपा समाजवादी तथा नेकपा माओवादी केन्द्रले संसद्भित्र र सडकमा एमसिसीविरुद्ध सशक्त विरोध गरेका थिए । त्यति बेला आमसञ्चार माध्यमहरूमा नेकपा समाजवादीका नेता झलनाथ खनाल तथा नेकपा माओवादी केन्द्रका नारायणकाजी श्रेष्ठलगायतले यथास्थितिमा पास गर्नुहुन्न भनेका थिए । तर पास भएपछि अब कसरी त्यही पार्टीमा बस्नुहोला भन्ने कुरा ठूलो नैतिकताको विषय बन्न पुगेको छ । हिजो आफूहरूले यो सम्झौता देश र जनताको लागि अहितकारी रहेकोले यसलाई यथास्थितिमा पास गर्न नमिल्ने कुरा बताउँदै आएका भएपनि उनीहरू अहिलेसम्म मौन बसेका देखिन्छन् ।

निकट भविष्यमा हुन गइरहेको स्थानीय निर्वाचनमा एमसिसीकै विषयले गर्दा भोलि नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा समाजवादीलगायतका दलको पत्तासाफ हुने कुरालाई नकार्न सकिँदैन । जनतालाई ठग्ने सवालमा कुनै पनि संसद्वादी पार्टी एक इन्च पनि पछाडि रहेका देखिँदैनन् । जे होस् एमसिसी प्रकरणले नेपाली जनतामा एकचोटि फेरि देशको हितमा लाग्ने देशभक्त क्रान्तिकारी शक्ति तथा देशको अहितमा लाग्ने दलाल, पूँजीवादी शक्तिबीचको ध्रुवीकरण गरेकै हो । यसबाट राष्ट्रियताको चेतना बढेकै हो । गणतन्त्र र प्रजातन्त्रको मुकुण्डो भिरेका राजनीतिक दलहरूको असली दलाली प्रवृत्तिलाई एमसिसीले जनसमक्ष ल्याएकै हो । जसरी एउटा नाटकीय अभिनयद्वारा एमसिसी पास गरिएको छ, त्यसबाट प्रमुख राजनीतिक पार्टीहरू जनताका सेवक होइनन्, मालिक बन्न खोजेका छन् भन्ने कुरा स्पष्ट पारेको छ । वास्तवमा जनप्रतिनिधिहरूलाई केवल जनसमुदायले दिएर पठाएको काम कुरा कार्यान्वयन गर्ने अधिकारमा मात्र सीमित गर्नुपर्छ र निर्णय गर्ने अधिकार सरोकारवाला स्वयम्ले आफूसँग राख्नुपर्छ भन्ने शिक्षा एमसिसीले दिएको छ ।

# सरकार ! के गरेर खाम’

बागलुङ, २० फागुन/रासस

‘सर्टिफिकेट छ डिग्री पासको
न त गाँसको न टुङ्गो बासको
मैले के गरेर खाम्
देशमैं भोकै बसम् कि
खाडीतिर पसम् कि
सरकार ! लौन निधो पाम्...’ (पुरुष)

शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण झिक्न गएका युवा र बैंकका कर्मचारीबीचको संवादबाट उठान भएको गीत ‘सरकार ! के गरेर खाम्’को पहिलो तुक्का हो यो । बैंकले ऋण नपत्याएपछि ती बेरोजगार युवा सरकारसामु प्रश्न गर्छन् ।

‘पढेकी हुँ बेचेर खेतबारी
अहिले खान पुग्दैन पेटभरि
मैले के गरेर खाम्...’ (महिला)

सर्टिफिकेट राखेर ऋण झिक्न पाइने सरकारी निर्णय सुनेर बैंकमा पुगेका युवालाई कर्मचारीले धितो/आयस्रोत नभई ऋण दिन नसकिने भन्दै रित्तो हात फर्काउँछन् । उल्टै सरकारसँग गएर ऋण माग्नु भनेर रुखो जवाफ लगाउँछन् ।

गीतमा प्रयुक्त संवादले शैक्षिक कर्जा कार्यान्वयनमा देखिएका सकसलाई समेत दर्शाउँछ । यसरी देशमैं स्वरोजगार बन्नबाट वञ्चित शिक्षित युवाको मनोदशा र त्यसले उब्जाएका प्रश्न गीतमा मुखरित छन् । गीतको रचना गर्भ पनि यही हो ।

सिर्जना गर्दा जहिल्यै जनजीवनका मुद्दा रोज्ने लोकगायक विष्णु खत्री र गायिका सजना बाँस्तोलाद्वारा स्वरबद्ध यस गीत युट्युबमा सार्वजनिक भएको भर्खर २४ घण्टा बितेको छ । ‘विष्णु खत्री’ युट्युब च्यानलबाट सार्वजनिक गीतको म्युजिक भिडियोले बिस्तारै ‘भ्युज’ पनि बटुल्दै छ ।

सर्जक तथा गायक खत्रीले गीतमार्फत नेपालमा व्याप्त शैक्षिक बेरोजगारीको समस्यालाई उजागर गर्न खोजिएको बताए । “नागरिकलाई गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगार दिलाउनु सरकारको दायित्व हो,” उनले भने, “यिनै मुद्दामा गीत लक्षित छ, कोही बेरोजगारी नबनोस्, उत्पीडनमा पर्नु नपरोस्, राज्यले अभिभावकत्व लिइदिओस् ।”

स्वदेशमा रोजगारको अभावले अहिले पनि दैनिक सयौं नेपाली युवा विदेश भौंतारिनुपर्ने स्थिति छ । शैक्षिक जनशक्ति पलायन पनि उत्तिकै छ । समृद्ध, समुन्नत र न्यायपूर्ण समाज र देश निर्माणमा पनि गीतले सिर्जनात्मक खबरदारी गरेको लोकगायक खत्रीले सुनाए ।

म्युजिक भिडियोमा कलाकार विनोद न्यौपाने र जुना सुन्दासले गरेको अभिनयले गीतबाट दिन खोजेको सन्देशलाई सरल तर कलात्मक ढङ्गले प्रस्तुत गरेको छ ।

लोकसङ्गीत क्षेत्रका चर्चित गायक/सर्जक खत्रीका यसअघि पनि सामाजिक विषयवस्तुमा आधारित कैंयन गीत सार्वजनिक भइसकेका छन् ।

उनका ‘भरिया दाइ’, ‘अन्तरजातीय विवाह’, ‘कि सास चाहियो, कि लाश चाहियो’, ‘जम्मु काश्मीरमा’, ‘किसानी दाइ’, ‘आमा म मरेको छैन’लगायतका गीत श्रोता/दर्शकमाझ लोकप्रिय छन् । जिल्लाको गलकोट नगरपालिका–७ मल्ममा जन्मेका खत्री दुई दशकदेखि लोकसङ्गीतमा सक्रिय छन् ।

# सामाजिक सञ्जालमार्फत अफवाह फैलाउनेविरुद्ध कारबाई

काठमाडौं, २० फागुन/रासस

नेपाल प्रहरीको साइबर ब्यूरोले सामाजिक सञ्जालको दुरुपयोग गरी शान्ति खल्बल्याउने तथा अफवाह फैलाउने कार्यमा संलग्न व्यक्तिमाथि कारबाई गर्ने जनाएको छ ।

ब्यूरोले शुक्रवार एक सूचना जारी गरी विगत केही समयदेखि विभिन्न व्यक्ति तथा समूहले प्रविधिको प्रयोग गरी युट्युब, टिकटकलगायत सामाजिक सञ्जालमा भ्रामक एवं झूटा क्याप्सन राखी भिडियो तथा तस्वीरहरू अपलोड गरेको भन्दै त्यस्ता व्यक्तिमाथि कारबाई गर्ने चेतावनी दिएको हो ।

उनीहरूले गम्भीर प्रकृतिका अपराधको अनुसन्धान कार्यलाई समेत प्रभावित पार्ने गरी गतिविधि गरेको ब्यूरोले जनाएको छ । समाजमा उत्तेजना फैलाउने, सामाजिक सद्भाव खल्बल्याउने र पीडितको गोपनीयताको हकको हनन् गरी सामाजिक तथा मानसिक स्वास्थ्यमा समेत नकारात्मक असर पुऱ्याउने किसिमका गतिविधि देखिएको ब्यूरोको सूचनामा उल्लेख छ ।

सूचनामा त्यस्ता क्रियाकलाप विद्युतीय कारोबार ऐन २०६३ को दफा ४७ अन्तर्गतको कसूरमा प्रचलित कानून बमोजिम कारबाई हुने चेतावनी दिइएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष-३५ | २०७८ फागुन २१ गते शनिवार | 2022 March 05 Saturday



# कलाकारले कसरी तानेका हुन्छन् दर्शक ?

कलाकारहरूले दर्शकलाई तानेका हुन्छन् । अझ सिनेमाका कलाकारप्रति साँच्चै धेरै आकर्षण हुन्छ । विभिन्न अप्रत्यक्ष नै हो । जसरी पहिले सम्पादित अप्रत्यक्षमा देखिन्छ, त्यसरी नै असम्पादित अप्रत्यक्षमा पनि देख्न हुन थाल्छन् । मानिस यसरी र यति धेरै आइदिन्छन् कि देख्न आएको हो भने कहिलेकाहीं नदेखिन पनि सक्दछ ।

स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com

**कलाकारको लोकप्रियता बढ्नु भनेको नै धेरैले मन पराउनु हो । धेरै मानिसले मन पराएको कलाकारलाई जब कतै साक्षात् देख्न वा भेट्न पाउने अवसर आउँछ, तब नैसर्गिकरूपमा सर्वसाधारण माहुरी गोलामा झुम्मिएजस्तै आकर्षित हुन थाल्छन् ।**

सिनेमामार्फत दर्शकहरूमाझ आइरहने कलाकारप्रति सर्वसाधारणको आकर्षण हुनुको कारण यो पनि हो कि लोकप्रिय हुन्छन् कलाकारहरू । कलाकारको लोकप्रियता भन्नु चाहिं तिनका सिनेमा चल्नु हो । सिनेमा धेरै चल्यो भने कलाकार धेरै लोकप्रिय भएको मानिन्छ । लोकप्रियता नाप्ने अन्य आधारहरू पनि छन् ।

सकिन्छ । यदि कोही प्रत्यक्ष प्रसारणलाई तत्काल हेर्न चाहँदैनन् र पछि हेर्न खोज्दछन् भने सम्बन्धित माध्यमले पछि हेर्न सकिने गरी व्यवस्थापन गरिरहेको हुन्छ । यसरी प्रत्यक्ष प्रसारणलाई पनि भण्डारण गरेर पछि हेर्न सकिने गरी व्यवस्था मिलाइएको सामग्रीको गुणस्तरमा खासै हेरफेर गरिएको हुँदैन । यस अर्थमा खासै भिन्न अवस्था देखिंदैन ।

वीरगंजको रङ्गशालामा एकपटक एकजना भारतीय कलाकार आउने कार्यक्रम थियो । कलाकार आएका पनि थिए तर कार्यक्रम खासै सफल हुन सकेको थिएन किनभने रङ्गशालाको क्षमताभन्दा धेरै बढी दर्शक नै आइदिएका थिए । जब कलाकारले अनुहार देखाए, तब होहल्ला भएको थियो ।

अहिले गत तीन वर्षदेखि नेपाली र भारतीय कलाकार मधानी महोत्सवमा मौलापुर आइरहेका छन् । हरेक वर्ष दर्शक यत्तिकै आएको देखिन्छ । यसपटकको कार्यक्रम सकिएर भारतीय कलाकार खेसारीलाल यादव भारत फर्केपछि एउटा भिडियो जारी गरेका छन्, जसमा आफैंले पाँच लाख दर्शक उपस्थित रहेको र आफूले खूब नाचेको बताएका छन् । यहाँ दर्शकको सङ्ख्याको सन्दर्भ मात्र होइन, कलाकारले पनि धेरै दर्शकको बीचमा आफूलाई उभ्याउँदा अलग्गै अनुभूति हुने गरेको भाव पनि झल्किन्छ । कलाकारलाई दर्शक प्यारो हुन्छ र दर्शकले त कलाकारलाई हेर्न वा सम्भव भएसम्म भेट्नको लागि जे पनि गर्न तयार हुन्छन् भन्ने कुरा जहाँ जहाँ कलाकारहरूको प्रस्तुति हुन्छ, त्यहाँ त्यहाँ पुग्ने दर्शकको सङ्ख्याले बताउँछ । विदेशमा पनि यसरी प्रत्यक्ष कार्यक्रम गर्दा दर्शकहरू उत्तिकै पुग्ने गरेको देखिन्छ ।



मधानी महोत्सवमा नेपालका महानायक राजेश हमाल, भोजपुरी नायक खेसारीलाल यादव । तस्वीरः लेखक

अधिकांश मानिस परिचित कलाकारको अभिनय हेर्न चाहन्छन् । कलाकारसित मानिस उनको अभिनयले नै परिचित हुन्छन् । कलाकारको अभिनय हेर्ने दुई माध्यम छन्– प्रत्यक्ष र अप्रत्यक्ष । यदि धरातलमा उभिएर हेर्ने हो भने सबैभन्दा बढी मानिसले कलाकारको अभिनयलाई अप्रत्यक्ष माध्यमले नै देख्दछन् । अप्रत्यक्ष माध्यममा पनि दुई माध्यम हुन्छन्– सम्पादित अप्रत्यक्ष र असम्पादित अप्रत्यक्ष । सम्पादित अप्रत्यक्ष माध्यममा हामीले सोझो भाषामा भन्ने गरेका सिनेमा, टेलिसिरियलहरू पर्दछन् । एकचोटि छायाङ्कन गरेर त्यसलाई ल्याबमा सम्पादन गरी दर्शकमाझ पुऱ्याइने यस प्रकारका सामग्रीले दर्शकलाई बढी तानेको हुन्छ । यसको कारण के हो भने संवाद तथा गीत वा अन्य क्रियात्मक अभ्यासको समयमा पछाडिबाट अभिनयको भाव अनुसारको सङ्गीत बजिरहेको हुन्छ । सङ्गीतले बुझाइको उत्तेजनामा वृद्धि गरेको हुन्छ । बुझाइको उत्तेजना मात्र नभई सङ्गीतले त दृश्यको भावलाई पनि स्पष्ट पार्न सहयोग गरेको हुन्छ । असम्पादित अप्रत्यक्ष माध्यम भनेको 'लाइभ' हो । आजभोलि लाइभ अर्थात् प्रत्यक्ष प्रसारणको चलन धेरै बढेको छ । सामाजिक सञ्जाल फेसबूक, युट्युब, टेलिभिजन र यस्ता अन्य सामग्रीबाट धेरै दृश्यलाई प्रत्यक्ष प्रसारण गरिने चलन त बढेकै छ । यसरी प्रत्यक्ष प्रसारण भएपनि जो दर्शकले कुनै माध्यमले देख्दछन्, तिनको लागि त असम्पादित

प्रत्यक्ष अभिनय हेर्नु भनेको अभिनय गरिरहेको ठाउँमा हेर्नु हो । यसमा पनि दुई माध्यम हुन्छन्– प्रायोजित प्रत्यक्ष र स्वाभाविक प्रत्यक्ष । प्रायोजित प्रत्यक्ष अभिनयमा कहिले र कहाँ अर्थात् कुनै निश्चित दिन कुनै निश्चित ठाउँमा कलाकारलाई निम्तो दिएर बोलाइएको हुन्छ । यसरी कलाकारलाई निम्तो दिएर बोलाउँदा यसको प्रचारप्रसार गरिएको हुन्छ । प्रचारप्रसारले गर्दा दर्शकहरू पर्याप्त मात्रामा उपस्थित हुन पाउँछन् । जति धेरै दर्शक आउन पायो, कलाकारहरू उति धेरै उत्साहित हुन पाउँछन् । र स्वाभाविक प्रत्यक्ष भन्नु चाहिं कलाकारले अभिनय गरेको समयमा नै हेर्न पाउनु हो । उदाहरणको लागि कुनै सिनेमाको छायाङ्कन भइरहेको छ, त्यहाँ पुगेर हेर्नु । यस प्रकारको अभिनय वास्तविक अभिनय हो । यस प्रकारको अभिनय भइरहेको ठाउँमा कलाकारले अभिनय गर्ने हो अर्थात् निर्देशकले जे भन्ने हो त्यही गर्ने हो । जसरी गर्न लगाउने हो, त्यसरी नै गर्दै जाने हो । यसरी छायाङ्कन भइरहेको ठाउँमा भइरहेको अभिनयले अभिनय गर्ने तथा गर्न लगाउने र गराउने पक्षको संलग्नता हुन्छ । यहींबाट कलाकारको अभिनय र अभिनय क्षमताको पहिचान हुन्छ र यहींबाट प्रशंसा अगाडि बढ्न थालेको हुन्छ । यही प्रशंसाले सिनेमा, भिडियो, म्युजिक भिडियो तथा सिरियल निर्माणको क्रममा नै रहेको समयमा कलाकारको अभिनयले चर्चा पाउँदै गएको हुन्छ । कलाकारको अभिनयले पाउँदै गएको प्रशंसाले दर्शकको स्वाभाविक मन जित्दछ र कलाकारको लोकप्रियता बढ्दछ ।

कलाकारको लोकप्रियता बढ्नु भनेको नै धेरैले मन पराउनु हो । धेरै मानिसले मन पराएको कलाकारलाई जब कतै साक्षात् देख्न वा भेट्न पाउने अवसर आउँछ, तब नैसर्गिकरूपमा सर्वसाधारण माहुरी गोलामा झुम्मिएजस्तै आकर्षित

कलाकारमा एक किसिमको आकर्षित गर्ने क्षमता हुन्छ । अझ सिनेमा तथा सिरियलहरूमा सकारात्मक भूमिका निर्वाह गर्ने कलाकार र गीतमा नृत्य गर्ने कलाकारप्रति सर्वसाधारण अलिक बढी नै आकर्षित हुन्छन् । यसमा पनि यदि महिला कलाकार हो भने पुरुषहरू अझ बढी आकर्षित हुन्छन् । र एउटै ठाउँमा हरेक वर्ष विभिन्न कलाकारहरू आउने क्रमजस्तै कार्यक्रम यदि मौलापुरमा बन्दछ भने मौलापुरमा त कहिले जानु छ भनेर सबै काम छोडेर त्यहाँ पुग्ने दिन प्रायः निश्चित नै हुन्छ ।

जब लोकप्रिय कलाकार आउँछन्, तब सबै वर्ग, पेशा तथा समुदायका मानिस कलाकारको प्रस्तुतिलाई आफ्नो आँखाले जस्ताको तस्तै हेर्न पुग्दछन् । जहाँ कलाकारको प्रस्तुतिलाई हेर्नेको लागि कुनै बन्देज हुँदैन अर्थात् कलाकारको प्रस्तुति खुल्ला ठाउँमा र दिउँसो नै हुन्छ । त्यहाँ त सर्वसाधारणको उपस्थिति अति धेरै हुनुलाई स्वाभाविक मान्न थालिएको छ ।

### ताओ धर्म

विषय वासनामा रमाउनु महापाप हो । असन्तोष सबैभन्दा ठूलो दुःख हो । लोभ नै अनर्थको कारण हुन्छ । सन्तोषमा शाश्वत सुख पाइन्छ । यसैले आफ्नो मनलाई निर्मल गर ।

– ताओ तेह किङ्ग ४६

# मधेस : संस्कृतिमाथि विकृति हाबी

'ले चल घुमावे बुलेट पर जिजा...' वर-कन्याबीच औंठी आदानप्रदान भइसकेपछि ठूलो आवाजमा डिजे थिए । माहोल दूषित हुनुको कारक तत्त्व मांस, मदिरा र अश्लील गीत नै थियो भन्ने आकलन गर्ने मानिसहरू थिएनन् अपवादबाहेक अहिले विवाह जस्तै सयौंको झुन्डमा हुने छेकाको स्वरूप भड्किलो भइसकेको छ । विदेशी संस्कृतिको

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

**"हिन्दू धर्म अनुसार वैवाहिक समारोह धार्मिक अनुष्ठान हो । नर र नारीबीच हुने विवाहलाई यज्ञतुल्य मानिन्छ । सात्त्विक भोजनले शारीरिक र मानसिक सन्तुलन स्थिर राख्छ । त्यसैले वैवाहिक समारोहमा मानसिक उत्तेजना बढाउने प्रकृतिका क्रियाकलाप कदापि हुनुहुँदैन ।"**

बजिरहेको थियो । युवायुवतीहरू बेतोड नाचिरहेका थिए । रङ्गीबिरङ्गी फूल र बत्ती आदिको सजावट गरेर झकिझकाउ पारिएको हलमा वर-वधू पक्षबाट गरी झन्डै दुई सयजनाको उपस्थिति थियो । यस्तो लाग्थ्यो कि छेका होइन, वैवाहिक समारोह हो । केही युवाहरू शर्ट फुकालेर हावामा लहराउँदै उफ्रीउफ्री नाचिरहेका थिए । यस्तो दृश्य हेरेर सम्भवतः आधुनिक जमानाका शिक्षित वरलाई पनि नाच्ने खुल्दुली बढ्यो । सोही बेला मदिरापान गरेका एकजना युवकले वरको हात समातेर नाच्ने आग्रह गर्न थाले । यसै बहानामा वरलाई नाच्ने सुअवसर प्राप्त भयो ।

कन्याको मधुर मुस्कानलाई युवतीहरूले नाच्ने अभिलाषाको रूपमा अड्कल गर्न थाले । कन्याको हात तानेर वरसमक्ष ल्याए । हल्लाखल्ला र तालीको गड्गडाहटले माहोल निकै रोमाञ्चक भएको थियो । वर र वधूले यताउति हेरे । लाजशरमका कारण वर-वधू तत्कालै नाच्ने अवस्थामा थिएनन् । त्यसैले शुरूमा लाज र सङ्कोचको भाव अनुहारमा देखिन्थ्यो । केही युवायुवतीहरूले वर-वधूको हात समाएर नचाउने प्रयत्न गर्न थाले । हल्लाखल्ला झन् तीव्र भयो । पहिले वरको र पछि वधूको जीउ बिस्तारै हल्लिन थाल्यो । यसैबीच गीतको ट्रेक परिवर्तन भयो, 'अब तो मेरा दिल, जागे ना सोता है, क्या करूँ हाय, कुछ कुछ होता है...' हिन्दी गीत बज्न थाल्यो । त्यसपछि पुनः अर्को गीत 'दो लफ्जों में लिख दी मैंने, अपनी प्रेम कहानी, तू मेरे दिल का राजा बन जा, मैं तेरे दिल की रानी...'लगायत विविध गीत-सङ्गीतको तालमा वर-वधू रमाउन थाले । लाज, सङ्कोच र अनुशासनको कुनै परिबन्द अहिले थिएन । विभिन्न भोजपुरी र हिन्दी सङ्गीतका साथै अश्लील प्रकृतिका गीत बज्ने क्रम जारी थियो । वर-वधूसँगै युवायुवतीहरू नाच्न र झुम्न थाले ।

माहोल तब भद्रगोल भयो, जब उल्लेख गर्न नमिल्ने एक भोजपुरी गीत बज्न थाल्यो । मदिरापान गरेका युवाहरू अश्लील गीतमा नाच्दै उत्तेजित हुन थाले । नाच्ने बहानामा केही युवाहरूको उदण्डता युवतीहरूसम्म पुग्यो । अभिभावकहरूले थाहा पाएपछि भनाभनबाट शुरू भएको विवादले उग्र रूप लियो । हात र खुट्टा मात्र होइन, कुर्सी, टेबल, थाल आदिले एकअर्कामाथि प्रहार गर्न थाले । केहीबेरअघिको रमाइलोपन बिस्मातमा परिणत भयो । अधिकांश महिला र पुरुषलाई चोटपटक लाग्यो । घाइते भए । कपडा च्यातियो । मोबाइल हरायो । कसैले खबर गरेपछि प्रहरीको आगमन भयो । घाइतेहरूलाई एम्बुलेन्समा राखी अस्पताल पठाइयो । उपद्रवीहरूलाई प्रहरीले समातेर लग्यो । यति भएपछि हलमा सन्नाटा छायो । सानो स्वरमा एकापसमा खुसखुस हुन थाल्यो । तीमध्ये केहीले पूजामा त्रुटि भएको त केहीले कन्याको लक्षण ठीक नभएको लख काट्न थाले । आआफ्ना मानसिकता अनुसार अपसगुन हुनुका कारण औंल्याइरहेका भन्ने होइन ।

यस्तो परिदृश्यका साक्षी बनिरहेका वृद्धवृद्धाहरूमा निराशा छायो । सामाजिक विकृति उपर एकापसमा चर्चा हुन थाल्यो । रामरतनले भने, "हिन्दू धर्म अनुसार वैवाहिक समारोह धार्मिक अनुष्ठान हो । नर र नारीबीच हुने विवाहलाई यज्ञतुल्य मानिन्छ । सात्त्विक भोजनले शारीरिक र मानसिक सन्तुलन स्थिर राख्छ । त्यसैले वैवाहिक समारोहमा मानसिक उत्तेजना बढाउने प्रकृतिका क्रियाकलाप कदापि हुनुहुँदैन ।" उनको कुरा नसकिंदै अर्का एक वृद्धको विचार आयो, "वर्तमान परिप्रेक्ष्यमा पूजा, शुद्धता तथा लोकसंस्कृतिलाई महत्त्वहीन ठान्ने प्रवृत्ति बढ्दो छ । जबकि पुरातनकालदेखि विवाहमा अपनाइँदै आइरहेको प्रत्येक वैवाहिक चरण वैज्ञानिक दृष्टिकोणले पनि अति महत्त्वपूर्ण छन् ।"

रामरतनले शिर हल्लाएर ती वृद्धको कुरामा सहमति जनाउँदै भने, "कहल जाला कि बियाह होखेवाला लइका के दूर ना जाएके, कल ना चलावे के, सवारी ना चलावे के, इनार ना झाँके के । काहे कहल जाला ? आज के नवठुवा लइका सन के पता बा ? जबकि इ सब प्रश्न के उत्तर पूर्णरूप से विज्ञान में आधारित बाटे ?" अर्थात् "भनिन्छ कि विवाह हुने दुलहाले टाढा जानुहुँदैन, चापाकल चलाउनुहुँदैन, सवारीसाधन चलाउनुहुँदैन, इनारमा हेर्नुहुँदैन । किन भनिन्छ ? आजका ठिटाहरूलाई के थाहा छ ? जबकि यी सबै प्रश्नको उत्तर पूर्णरूपेण विज्ञानमा आधारित छन् ।" दुर्घट्ना हुन सक्ने सम्भावनालाई मध्यनजर गरी विवाहमा अपनाउनुपर्ने थुप्रै नियम बनाइएका छन्, जसको पालना नगर्नु दुर्घटना निम्त्याउनु हो ।" आदि कुरा उनीहरूबीच चर्चा भइरहँदा दिउँसोको चार बजिसकेको थियो । आफन्तजन आआफ्नो घरतर्फ प्रस्थान गर्न थालिसकेका थिए ।

धनाढ्य आफन्तको छोराको छेकामा रामरतन शहर आएका थिए । गरीब तथा देहाती ७० वर्षीय रामरतन पनि घरतर्फ प्रस्थान गरे । यद्यपि त्यहाँको परिदृश्य उनी भुल्न सकिरहेका थिएनन् । टेम्पुमा सवार उनी घरीघरी उक्त घटनाप्रति केन्द्रित हुन्थे । टेम्पु गुड्यो र उनी आँखा बन्द गरी वर्तमान सामाजिक विकृतिरूपी सागरमा घोत्लिए । अहिले छेकाको स्वरूप फेरिंदै गइरहेको छ । छेकामा पनि विवाह जस्तै भव्य समारोहको रूपमा खर्च गर्ने होड बढ्दो छ । माङ्गलिक लोकगीतको नामोनिसान छैन । उत्सवहरू आन, बान र सान देखाउने प्रवृत्तिमा परिणत हुन थालेका छन् । उहिले वर-वधू पक्षबीच विवाहको टुङ्गो लागिसकेपछि एकाध महीनाभित्र छेक्का गर्ने परम्परा थियो । दुवै पक्षका सीमित आफन्त तथा पुरोहित र हजामको उपस्थितिमा छेका हुन्थ्यो । पाँच, सात, एघार वा बढीमा एक्काइसजनाको सहभागितामा छेका हुन्थ्यो । छेका उहिले पूजन सामग्री, वर-वधूको वस्त्र तथा सहभागीजनको नाश्ता र खाना आदिको व्यवस्थामा आधारित थियो ।

आँधीबेहरीमा मधेसको लोकसंस्कृति लोप हुँदै गइरहेको आदि कुरा सोचेर ती वृद्ध अति चिन्तामग्न थिए । मधेसको संस्कृति कुन दिशातर्फ लम्किरहेको छ ? भन्ने प्रश्नको जवाफमा निरूत्तर उनी घरीघरी आफैंसँग प्रश्न गर्थे । कतिखेर टेम्पु उनको गाउँ पुग्यो, उनलाई पत्तै भएन । रामरतन तब ब्यूँझिए, जब टेम्पु चालकले भन्यो, "बाबा हो, सुत गइल बाड का ? उतरना घरे आ गइल ।"

पत्नीको निधन भएदेखि रामरतन घरको बरन्डामा सुत्छन् । एकातर्फ खाट र अर्कोतर्फ बाखाबाख्रीहरूको वासस्थान छ । दिनभरिको थकित वृद्ध रामरतनले चाँडै खाना खाए । ओछ्यानमा पल्टिए । टर्च तकियामुनि राखे । छोराले औषधि र बुहारीले पानी ल्याइदिए । औषधि खाए । छोराले एक लोटा पानी खाटसँगै रहेको कुर्सीमा राखिदियो । भित्तामा छडी ठड्याइदियो । झुल लगाइसकेपछि बत्ती निभाएर छोराबुहारी सुत्न गए ।

रामरतनलाई निद्रा लागिरहेको थिएन । डिजेको चर्को ध्वनि, अश्लील गीत, कुर्सी हानाहान आदि इत्यादि कुराहरूको सोचाइबाट उनी मुक्त हुन चाहन्थे । चेतनाशून्य हुन चाहन्थे । विश्राम र निद्रामग्न हुन चाहन्थे । बिस्तारै चार दशकअघिको एक प्रसङ्गमा उनको चेतना विलीन भयो । मस्तिष्कमा छोरीको छेकाको प्रत्येक क्षण दृश्यमान हुन थाल्यो । फिल्मको रिलझैं मस्तिष्कमा चल्न थाल्यो ।

पूर्वनिर्धारित तिथि अनुसार आज फागुन २१ गते रामरतनको छोरीको छेका अर्थात् पुजाइ हुने कार्यक्रम छ । घरपरिवारलाई भ्याइनभ्याइ छ । खुशी र उत्साहले भरिपूर्ण परिवार तथा आफन्तजन आआफ्नो जिम्मेवारीमा तल्लीन छन् । मधेसको दुर्गम उक्त गाउँमा एकाध घरबाहेक सबैजसो खपडा र फुसका घर छन् । खरले छाएको रामरतनको घरको टाटी र भुइँ लिपपोत गरेर चिटिक्क पारिएको छ । उक्त फुसको घरको छानामा राखिएको 'नियारी' (धानको डाठ) माथि कागहरू खुट्टाले रोटी च्यापेर मुखले नोचेर खाइरहेका छन् । रोटीको छिनाझप्टीका साथै ती कागहरूको उड्ने र बस्ने खेल चलिरहेको छ । यस्तो लाग्छ कि शायद उनीहरूलाई आज यहाँ भोज हुनेबारे अग्रिम जानकारी थियो । रामरतनको साथीका छोरोले गणेश, शिवपार्वती र रामसीता तथा फूलका केही तस्वीरहरू गुलाबी, हरियो र कालो रङ्ग तथा बाँसको ब्रशले टाटीमा कोरिरहेका छन् । रामरतनको घरको बाटो भएर काँधमा कोदालो बोकेर खेततर्फ जाँदै गरेका एकजना किसानले सोधे, "रामरतन भाइ आजुवे नु बबी के छेका बा, ना ?" अर्थात् "रामरतन भाइ आज नै छोरीको टीकाटालो छ, होइन ?" रामरतनको प्रतिउत्तरमा किसानले दिउँसोसम्म आफू आउने भन्दै सरेहतर्फ प्रस्थान गरे ।

रामरतनकी कान्छी छोरीले पुरानो साडीमा सियो धागोले किनारा सिएकी पर्दा ढोकामा लगाइरहेकी छन् ।

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व–६७




तपाईंका महारथी पुत्रहरू यस प्रकार मारिइरहेको देखेर कर्णको नेत्रमा जल भरिएर आयो र उनलाई विदुरजीको कुराको सम्झना हुन थाल्यो। अलिकबेरमैं उनी अर्को रथमा चढेर भीमसेनको सामु आइपुगेर उनीमाथि बाण वर्षा गर्न थाले। कर्णको बाण प्रहारबाट भीमसेनको सम्पूर्ण शरीर घाइते हुन पुग्यो। यतिबेला कर्ण यति वेगले बाण हानिरहेका थिए कि उनको धनुष, ध्वजा, उपस्कर, छत्र, इषादण्ड सबैबाट बाणाको वर्षा भइरहेकोजस्तो लाग्दथ्यो। उनको यस्तो प्रबल वेगबाट हानिएका बाणबाट आकाश ढाकियो तर जुन प्रकार कर्णले भीमसेनलाई बाणबाट आच्छादित पारे, त्यसै प्रकार भीमसेनले पनि बाणहरूको झरी लगाइदिए। यतिबेला सङ्ग्राममा भीमसेनको अद्भुत पराक्रम हेरेर तपाईंका योद्धाहरू पनि उनको प्रशंसा गर्न थाले। भूरिश्रवा, कृपाचार्य, अश्वत्थामा, शल्य, जयद्रथ, उत्तमौजा, युधामन्यु, सात्यकि, श्रीकृष्ण र अर्जुन–यी कौरव र पाण्डव पक्षका दश महारथी साधु–साधु भन्दै जोडजोडले सिंहनाद गर्न थाले।



अनि तपाईंका पुत्र दुर्योधनले आफ्ना पक्षका राजा, राजकुमार र विशेष गरेर आफ्ना भाइहरूसित भने– धनुर्धरहरू हो, हेर, भीमसेनको धनुषबाट हानिएका बाणहरूबाट कर्ण नष्ट हुनुभन्दा अगावै उनलाई बचाउने प्रयत्न गर। दुर्योधनको आज्ञा पाएर उनका सातजना भाइ क्रोधित भई भीमसेनमाथि जाइ लागे र उनलाई चारैतिरबाट घेरामा हाले। उनीहरूले भीमसेनमाथि बाण हानेर उनलाई अत्यन्त पीडित पार्न थाले। अनि भीमसेनले उनीहरूमाथि सूर्य किरणझैं टल्किंदो सातवटा बाण हाने। ती बाण उनीहरूको हृदय चिर्दै उनीहरूको रक्तपान गर्दै बाहिर निस्किए। यस प्रकार उनीहरूको मर्मस्थल बिधिएको कारण ती सात भाइ आफ्ना रथबाट भुइँमा झरे। राजन्, यस प्रकार भीमसेनको हातबाट तपाईंका सात भाइ पुत्र शत्रुञ्जय, शत्रुसह, चित्र, चित्रायुध, दृढ, चित्रसेन र विकर्ण मारिए। तपाईंका यी मारिएका पुत्रहरूमध्ये पाण्डुनन्दन भीमसेन आफ्नो प्यारो भाइ विकर्णको निम्ति शोक गर्न थाले। उनले भने– भाइ विकर्ण, मैले यो प्रतिज्ञा गरेको थिएँ कि म धृतराष्ट्रका सम्पूर्ण पुत्रलाई मार्नेछु, त्यसैले तिमी पनि मारियौ। यस्तो गरेर मैले आफ्नो प्रतिज्ञाको रक्षा मात्र गरेको हु। भाइ, तिमी त विशेषतः राजा युधिष्ठिर र हाम्रै हितमा तत्पर रहन्थ्यौ। हरे, युद्ध बडो नै कठोर धर्म रहेछ।

यसपछि उनी बडो जोडले सिंहनाद गर्न थाले। भीमसेनको यो भीषण सिंहनाद सुनेर धर्मराजलाई बडो प्रसन्नता भयो। यता तपाईंका एकतीस पुत्रहरू युद्धभूमिमा सोत्तर भएको हेरेर दुर्योधनलाई विदुरजीको वचनको सम्झना हुन थाल्यो। उनी मनमनैमा भन्न थाले– विदुरजीले जुन हाम्रो हितको कुरा गरेका थिए, त्यो सामुन्ने आइपुग्यो। उनले धेरै विचार गरे तर पनि यस समस्याको कुनै समाधान फेला परेन। राजन्, द्युतक्रीडाको बेला द्रौपदीलाई सभामा ल्याएर तपाईंका दुर्बुद्धि पुत्र र कर्णले भनेका थिए– कृष्णे, पाण्डवहरू त अब नष्ट भएर सदैवका लागि दुर्गतिमा परिसके, तिमी कोही अर्को पति चयन गरिलेऊ–यो त्यसैको फल सामु आइपुगेको छ। विदुरजीले धेरै रोइकराइ गरेर प्रार्थना गरेका थिए तर पनि तपाईंबाट उनले कुनै सन्तोषजनक उत्तर पाएका थिएनन्। अब तपाईं र दुर्योधन त्यस कुबुद्धिको फल चाख्नुहोस्, यो भारी अपराध तपाईंले गर्दा भएको हो।

धृतराष्ट्रले भने– सञ्जय, यसमा विशेषतः मेरै अपराध अधिक छ, आज त्यसैको फल मेरोसामु आइपुगेको छ– यो कुरा मैले शोकको साथ स्वीकार गर्नुपरिरहेको छ, तर आज जे हुनु थियो त्यो त भइगयो। अब यस विषयमा के नै गर्न सकिन्छ र ! अब मेरो अन्यायबाट यसपछि वीरहरूको संहार कुन प्रकारले भयो ? मलाइ सुनाऊ।

सञ्जयले भने– महाराज, महाबली कर्ण र भीम मेघ जसरी जलको वर्षा गर्दछ, त्यसै प्रकारले बाणवर्षा गरिरहेका थिए। भीमसेनले हानेका बाणहरू कर्णको प्राणान्त गर्लान्झैं उनको शरीरमा छिर्दथे। यसै प्रकारले कर्णले हानेका बाणाहरूले वीरवर भीमसेनलाई आच्छादित गरिरहेका थिए। भीमसेनको धनुषबाट हानिएका बाणहरूले तपाईंका सेनाको संहार गरिरहेका थिए। युद्धमा मारिएका हात्ती, घोडा र मानिसहरू सम्पूर्ण युद्धभूमिमा आँधीबेरीबाट उखेलिएका वृक्षझैं लडिरहेका थिए। तपाईंका योद्धाहरू भीमसेनको बाणको मारबाट व्याकुल भई युद्धभूमिबाट भाग्न थाले। अनि कर्ण र भीमसेनको बाणबाट व्यथित भएर सिन्धु–सौवीर र कौरवसेना युद्धस्थलबाट टाढा गई उभिए। यतिबेला रणमा मरेका हात्ती, घोडा र मानिसको रक्तबाट उत्पन्न भयङ्कर खोलो नै बग्यो, जसमा मरेका हात्ती, घोडा र मानिसहरूका शव बग्न थाले।

क्रमशः...

# जोसमनि सम्प्रदायको परिचय

शोध



शीतल गिरी

**शशिधर स्वामीजीका अनेक नामहरूमध्ये 'यशोमणि' पनि एक रहेकोले उनका अनुयायीहरूले आफ्ना गुरुको नाममा यो सम्प्रदायको नाम नै 'जोसमुनि' र 'जसमनी' चलाएको देखिन्छ।**

*गताङ्कको बाँकी...*

ईसाको सातौं शताब्दी पुग्दा नपुग्दै महायान पनि मनुष्यलाई दुरुह मार्ग भयो, आचार र नियमका सारा बाँध तोडेर सहजयानको अर्को भेल चल्यो। मुक्तिका निमित्त कठोर आचार गर्नुपर्दैन, मानवको उपभोगको निमित्त बनेका सम्पूर्ण वस्तुको उपभोग बाधा–बन्धनहीन भएर गर्नाले मुक्ति पाइन्छ भन्ने मत भएको सम्प्रदायलाई सहजयानको उचित संज्ञा दिइयो। जातपातको भेदहीनता त बौद्ध–धर्मको मूल आचार नै हो। त्यसकारण निम्न कुल र उच्च कुल भन्ने प्रश्न सहजयानीहरूको सामुन्ने नरहनुपर्ने हो। तर जाति र कुल भेद बताउने ब्राह्मणवाद जीवित अवस्थामैं थियो। गम्यागम्य र भक्षाभक्षको भेद नमान्ने सहजयानीहरूले निम्न कुलकी स्त्रीलाई मुक्तिको सबभन्दा ठूली साध्या बनाइदिए। यसै क्रममा स्त्री जति अगम्य र निन्द्य भई त्यति ठूली साध्या मानिई। मदिरापान गर्ने र स्त्रीलाई महामुद्रा बनाएर साधना गर्ने मुक्तिद्वार खोल्ने सम्प्रदाय नै खडा भयो र यो सम्प्रदाय ईसाको सातौं शताब्दीदेखि तेह्रौं चौधौं शताब्दीसम्म फैलिइरह्यो। शेष प्रभाव त अझै पनि छँदैछ।

यस यानका चौरासी सिद्धमध्ये केही सिद्ध त नेपालकै पनि छन्। यी चौरासी सिद्धमध्येका गोरखनाथ नेपालमा आज पनि इष्ट देवता झैं पूजिन्छन्। यी केवल सहजयानी थिएनन्। बज्रयान, मन्त्रयान र सहजयानबाट प्रभावित शैवमार्गी सन्त थिए।

नेपालको आफ्नो कुरा जोसमनि सन्त परम्परा हो। जोसमनि मत नेपालकै माटोमा उब्जेर विकसित भएको हो। नेपालमा प्रचलित अनेक धार्मिक सम्प्रदायहरूको अस्तित्व धेरै समाप्त भइसकेको छ र कैयौं सम्प्रदाय दिनदिनै क्षीण हुँदैछन्, तर जोसमनि सम्प्रदाय उत्तरोत्तर वृद्धिमा छ। यसबाट यस मतको उपयोगिता र जीवनशीलता सिद्ध हुन्छ। अरू सम्प्रदाय प्रायः बाहिरी प्रभावबाट यहाँ विकसित भएका थिए।

यो मत केवल 'मत' नभएर यसको साहित्य पनि पर्याप्त छ। नेपाली भाषाको साहित्यको दृष्टिले पनि जोसमनी सन्त–साहित्य नेपाली साहित्यको ठूलो अङ्गको रूपमा उपस्थित हुन्छ। आजकल 'जोसमनी' धर्म सम्प्रदायका व्यक्तिहरू आफूलाई 'जसमनी' भनेर चिनाउने गरेका छन्।

शशिधर स्वामीजीका अनेक नामहरूमध्ये 'यशोमणि' पनि एक रहेकोले उनका अनुयायीहरूले आफ्ना गुरुको नाममा यो सम्प्रदायको नाम नै 'जोसमुनि' र 'जसमनी' चलाएको देखिन्छ। अर्थात् स्वामी शशिधरकै नामबाट जोसमनी धर्म सम्प्रदाय शुरू भएको हो भन्ने बुझिन्छ। डा. प्रपन्नाचार्यले 'सद्योगसार' को भूमिकामा यसो भनेका छन् :

"जोस्मणि शब्द विश्लेषण गर्नुभन्दा पूर्व 'जोस्मणि' शब्दको मूल के हो ? भन्ने प्रश्न स्वतः आउँछ। किनभने यो शब्द शुद्ध संस्कृत भाषाको होइन। शब्द बन्दा तत्समबाट तद्भव भई अपभ्रंश भएको हुन्छ। यस 'जोस्मणि' शब्दको मूलरूप 'यशोमणि', 'सच्चिदानन्दलहरी' भन्ने ग्रन्थमा लेखेको पाइन्छ। यो ग्रन्थ गढवालका महाराजा कीर्तिशाहको पुरानो राजधानी टेहरीको 'पुरानो लाइब्रेरी' मा पाइन्छ। यो ग्रन्थ संस्कृत भाषामा लेखिएको छ। त्यस ग्रन्थको पुष्पिकामा 'ज्योतिमुनिशिष्ययशोमणि कृत सच्चिदानन्दलहरीईति सम्पूर्ण' भनेर लेखेको छ। यस पुष्पिकाले के बुझाउँछ भने शशिधरका आध्यात्मिक गुरु महासिद्ध ज्योतिमुनि भुरेबाबाले 'योगपट' अर्थात् योगनाम 'यशोमणि' राखेका रहेछन्। तर कालान्तरमा त्यो नाम कारणवश र उच्चारणवश यस्तो हुन गयो होला। 'सद्योगसार' ग्रन्थमा भने चतुर्थ प्रकरणको प्रारम्भमा शिष्य मोक्षमण्डलको प्रश्नको उत्तर दिंदा 'जोस्मणिवाच' लेखेको पाइन्छ। यहाँ प्रस्ट र छोटकरीमा भन्नुपर्दा 'सद्योगसार' ग्रन्थको द्वितीय र तृतीय प्रकरणमा 'शशिधर र हरिसाम्ब' नाम लेखिएको छ। 'सद्योगसार' को पुष्पिकामा सर्वत्र 'जोस्मणिसद्योगसार' लेखेको पाइन्छ। 'गुरुपञ्जा' मा पनि 'भेष नाम जोस्मणि' भनेर प्रस्ट लेखेको पाइन्छ। अतएव शशिधर र हरिसाम्ब अर्थात् हरिहर धरका नाम थिए भन्ने बुझिन्छ। अर्घाखाँची अर्घावामरूकमा बस्दा शशिधर र हरिहर नामले पुकारिन्थे। यसको प्रमाण जोस्मणिले आफ्नै रचना 'सद्योगसार' को छैठौं प्रकरणको पुष्पिकामा प्रस्ट पारेका छन्। जोस्मणि भन्छन्–

**लालमणिसुपुत्रस्य दिशैशर्माद्विजोत्तमः।**
**तस्य पुत्रो महायोगी वर्तमाने कलौ युगे ॥६७॥**
**शशिधरो जन्मनामाहं हरिसाम्वो द्वितीयकम्।**
**तृतीयं जोस्मणिर्नाम चतुः ब्रह्मपदं स्वयम् ॥६८॥**

यसरी जोसमणिले आफ्ना बाजे र बाबुको नामसमेत उल्लेख गरेर आफूलाई आफैंले 'महायोगी' पनि लेखेका छन्। यी प्रमाणहरूले के बुझिन्छ भने 'जोस्मणि' नाम अप्रामाणिक होइन।

भेष धारण गरेपछि जोस्मणिले प्रारम्भिक ग्रन्थ 'सच्चिदानन्दलहरी' लेखेका रहेछन् भन्ने बुझिन्छ। किनभने मूल रूपमा 'यशोमणि' नाम 'सच्चिदानन्दलहरी' मा पाइएको छ। परन्तु 'योगात्मबोध' भन्ने ग्रन्थमा भने जोस्मणिको 'ज' मा 'य' नै लेखिएको छ। 'योगात्मबोध' ग्रन्थमा जोस्मणिका प्रिय शिष्य 'दिलमय' को उत्तर दिंदा 'योस्मणिउवाच' भनेर लेखिएको छ।" (सद्योगसार, २०६१ : ९)। (समाप्त)

लघुकथा

# रात परेपछि

**- समीर पाखिन**

सूर्यमानलाई ग्यारेजबाट डेरासम्म आइपुग्न दश मिनट जति हिंड्नुपर्छ। घर आउने बाटोमा लस्करै दुई/चार वटा भट्टी पसल पर्छ। साँझ परेपछि भट्टीमा खूब हल्लाखल्ला हुन्छ। कोही बाहिर निस्केर ह्वाल्ह्वाली बान्ता गरिरहेको हुन्छ भने कोही पाखुरा सुर्केर भनिरहेको हुन्छ– "आइज, आइज। बाउको छोरा होस् भने आइज।" तर अभ्यस्त सूर्यमानलाई फरक पर्दैन। ऊ सरासर आफ्नो बाटो हिंडिरहन्छ।

आज पनि बाहिर मासु सेकिरहेकी कान्छी साहुनीले सूर्यमानतिर हेर्दै भनी– "ए, गुरुजी ! हामी चाहिं सधैं तिम्रो गाडी चढ्नुपर्ने अनि तिमी चाहिं सधैं यही बाटो हिंड्दा पनि पसलतिर छिर्न नहुने ? यो त भएन है !"

सूर्यमानले सुनेर पनि नसुनेझैं गर्‍यो र कोठातिर लुरुलुरु लाग्यो।

०००

एकरात भात खाएर ओछ्यानमा पस्न मात्रै आँटेको सूर्यमानलाई पत्नी कुसुन्तीले भनी– "नाइँ ! नाइँ ! आजदेखि म एक्लै सुत्छु। तिमी दिनभरि बाहिर–बाहिर गाडी चलाएर आ'को मान्छेसित सुत्न डर लाग्यो। तिमी ऊ त्यो पल्लो खाटमा सुत।"

सूर्यमान अक्क न बक्क भयो। ऊ नबोली ओछ्यानमा घुस्रियो। यो क्रम लगातार तीन सातासम्म चलेपछि सूर्यमान कोठामा ढिलो फर्कन थाल्यो। कुनै–कुनै रात ऊ कोठामा फर्केन पनि। एक रात कुसुन्तीले सूर्यमानको हात समातेर तान्दै भनी– "आऊ, सँगै सुतौं।"

"नाइँ ! म एक्लै सुत्छु। तिमी सुत !"–सूर्यमान तर्कियो।

## शत्रु मित्र आफ्नै मन हो

**- वैद्यनाथ महतो कुशवाहा**

शत्रु–मित्र सब आफ्नै भित्र छ
देव–दानव सब आफ्नै मनभित्र छ
काम, क्रोध, लोभ, मद, मत्सर
हरण गर्छ हाम्रो बुद्धि ज्ञान स्तर
यी नै हुन् हाम्रो शत्रु मनको
पतन गराउने मनुष्य आचरणको
प्रेम, दया, करुणा, सेवा सहकार्य
यसबाट मानवजनको उद्धार
यो हाम्रो भित्र मनको
यसबाट कल्याण हरेक जनको
अवगुण भावलाई मारी भगाऊ
ज्ञान–विवेकको हतियार उठाई
सद्गुण भावलाई सदा अँगाली
सदा राखौं हृदयमा पाली
सद्गुणबाट लोककल्याण
असल गुण ईश्वर समान
असल गुण महामानव बनाउँछ
वेद पुराण सब शास्त्र बताउँछ
वैद्यनाथको चाहना पनि यही
ज्ञान अज्ञानको समुचित प्रयोग सही।

*– कलैया उपमनपा–२५, ढोडिया, बारा*

## युवा शक्ति

**- विवेकानन्दप्रसाद कुशवाहा**


युवा शक्ति एकता बनाऊ
देश बनाऊ, समाज बनाऊ
स्वाभिमान बढाऊ, सभ्यता चिनाऊ
दलालको पछि लागेर के हुन्छ
समाजबाट विकृति हटाऊ
सुन्दर र सभ्य समाज बनाऊ
पढ्नको लागि स्कूल, कलेज बनाऊ
उपचारको लागि स्वास्थ्य चौकी बनाऊ
हिंड्ने बाटो बनाऊ
आफूलाई बुझ, आफैंलाई बनाऊ
संसार फेर्ने साहस छ तिमीभित्र
कसले रोक्न सक्छ तिमीलाई ?
सत्यलाई चिन, असत्यलाई फाल
तिम्रोलागि कसैले केही गर्दैन
व्यर्थै अरूको पछि लागेर के पाउँछौं ?
नेताहरूको पछि लागेर के पाउँछौं
उसले इमान बेच्छ, शासन गर्छ
तिमी आमाबुबाको रत्न हौ
देशको कर्णधार हौ
जन्मेको देशलाई बचाऊ।

*– बौधीमाई नगरपालिका–२ इनर्वा*

अनुदित कथा

# पुर्जा

**- अगस्ट स्ट्रिंडबर्ग**



*सन् १८४९ जनवरी २२ का दिन स्वीडेनमा जन्मिएका अगस्ट स्ट्रिंडबर्गलाई स्वीडिश उपन्यासका जनक मानिन्छ। उनले नाटक, उपन्यास, कथा, आत्मकथा, आलोचनामाथि कलम चलाएका थिए। उनले आफ्नो जीवनकालमा ६० वटा नाटक, ३० भन्दा बढी उपन्यास लेखेका थिए। उनको निधन १४ मे १९१२ मा भएको थियो।*

सामानको अन्तिम खेप गइसकेको थियो। किरायादार, क्रेपबैंड हैट लगाएका जवान मान्छे, रित्तो कोठामा अन्तिमपटक घुम्छन्, कतै केही छुटेको छैन ? केही बिर्सिएको छैन ? केही पनि छैन। ऊ बाहिर हलमा पुग्छ। पक्का निश्चय गर्दै ती कोठामा जे पनि ऊसँग भएको थियो, त्यो उसले कहिल्यै याद गर्नेछैन। र अचानक उसको नजर कागजको अर्धपानामा पर्छ, भित्ता र टेलिफोनको बीचमा अड्किएको थियो। कागजमा केही लेखिएको थियो, हुन सक्छ एकभन्दा बढी मान्छेले। केही प्रविष्टि कलम र मसीभन्दा स्पष्ट थियो, जबकि बाँकी अन्य लेड पेन्सिलले कोरिएको थियो। यताउता रातो पेन्सिलको पनि प्रयोग भएको थियो। दुई वर्षमा ऊसँग यस घरमा जे पनि भएको थियो, यो ती सबैको रेकर्ड थियो। सबै वस्तु, जसलाई बिर्सिने मन उसले बनाएको थियो, त्यो लेखिएको थियो। कागजको यो पुर्जा त्यस मान्छेको जीवनको एउटा टुक्रा थियो।

उसले कागज निकाल्यो, यो स्क्रिबलिङ पेपरको टुक्रा थियो। पहेंलो र सूर्यसरह चम्किंदै थियो। उसले ड्रइङ रूमको कार्निशमा राख्यो र आँखा गाड्यो। सूचीको शीर्षमा एकजना महिलाको नाम लेखिएको थियो: 'एलिस'। संसारको सबैभन्दा सुन्दर नाम, उसलाई लाग्न थाल्यो। किनभने यो उनको प्रेयसी (मङ्गेतर)को नाम थियो। नामपछि एउटा नम्बर थियो '१५११'। लाग्छ यो बाइबलको एउटा स्रोत नम्बर थियो, स्रोत बोर्डमा। त्यसको तलपट्टि लेखिएको थियो, 'बैंक'। जहाँ उसको काम थियो, उसको पवित्र काम– यसद्वारा नै उसको घर, रोटी र पत्नी सबै उसको जीवनको आधार चल्थ्यो। तर 'शब्द' कलमले काटिएको थियो। किनभने 'बैंक' फेल भयो। यद्यपि उसले पछि अर्को काम पाएको थियो। तर दुश्चिन्ता र बेचैनी एउटा छोटो अन्तरालपछि बढेको थियो।

अघिल्लो प्रविष्टि थियो: 'फूलको पसल र घोडा आदिको खर्च'। यो उसको टीकाटालासँग सम्बन्धित थियो, जब उसको गोजीमा भरपूर पैसा हुन्थ्यो।

त्यसपछि आयो, 'फर्निचर डिलर र पेपर हैङ्गर'। उसको घर सजाइएको थियो। 'फरवार्डिङ एजेन्ट'– त्यो प्रवेश गरिरहेको थियो। ओपेरा हाउसको बक्स अफिस, नम्बर ५०–५०। उसको नयाँ विवाह भएको थियो। आइतवारको साँझ उनीहरू ओपेरा जान्थे। उसको जीवनमा निकै खुशीको दिन। जब ऊ शान्त चुपचाप बस्थ्यो। उसको आत्मा परी देशको सौन्दर्य र लयको पर्दापछाडि मिसिन्थ्यो।

सौभाग्य यतिधेरै अस्थिर थियो !

अब पति–पत्नीको जीवनमा केही नयाँ आयो। अघिल्लो प्रविष्टिमा एकजना स्त्रीको लेखावटमा थियो: 'नर्स'। कस्तो नर्स ? हो, त्यही ठूलो कपडा लगाउने र सहानुभूतिपूर्ण अनुहार भएकी। जुन कहिल्यै ड्रइङ रूम भएर जान्थिनन्, बरु दलानबाट सीधैं शयनकक्षमा पुग्थिन्।

त्यसको तल लेखिएको थियो, 'डाक्टर एल'।

र अब सूचीमा पहिलोपटक कुनै आफन्तको नाम आयो– 'ममा'। यो उसकी सासू थिइन्। उसको नयाँ खुशीलाई भङ्ग नगर्न अहिलेसम्म जानीबुझीकन टाढा थिइन्। तर अब उसलाई आवश्यक छ। ममा आएपछि खुशी थिइन्।

थुप्रै प्रविष्टि रातो र नीलो पेन्सिलबाट लेखिएका थिए: 'नोकर रजिस्ट्री अफिस'– नोकर्नीले छाडेर गइन् र अर्को एकजनालाई राख्नु थियो। 'केमिस्ट'– हो ! जीवनमा कालिमा आएको थियो। डेयरी मिल्कको अर्डर दिइएको थियो– स्टेरेलाइज्ड दूध !

'बगरे, किराना आदि।' घरको काम टेलिफोनबाट भइरहेको थियो, मतलब मालकिन आफ्नो पोस्टमा थिइनन्। होइन, उनी थिइनन्। उनी सुस्ताइरहेकी थिइन्।

अगाडि के लेखिएको थियो, त्यो पढ्न उसले सकेन। उसको आँखाअगाडि अँध्यारो छायो; नुनिलो पानीबाट हेर्छ एउटा डुबिरहेको मान्छे। त्यसपछि, त्यहाँ लेखिएको थियो, निकै स्पष्ट– 'अन्डरटेकर'– एउटा ठूलो ताबुत र एउटा सानो ताबुत। र 'धूलो' शब्द पद कोष्ठकमा जोडिएको थियो।

पूरै रेकर्डको यो अन्तिम शब्द थियो 'धूलो'। धूलोको साथ त्यो समाप्त भयो !


(बाँकी पाँचौं पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## युक्रेनमाथिको हमला योजना अनुसार –पुटिन

मस्को, २० फागुन/सिन्हवा

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले रूसले युक्रेनमा गरेको आक्रमण योजना अनुरूप नै भएको बिहीवार बताएका छन्।



रूसी राष्ट्रपति भ्लादिमिर पुटिन। तस्वीरः सिन्हवा

उनले भनेका छन्– युक्रेनमाथिको विशेष सैन्य कारबाई हामीले योजना अनुसार नै गरेका हौं, त्यसको तयारी हामीले गरेका थियौं।रसियाको सुरक्षा परिषद्को एक बैठकमा उनले बिहीवार सो धारणा राखेका हुन्। उनले हामीले तोकिएको काम गरेका छौं र त्यो राम्रोसँग अर्थात् सफलतापूर्वक सम्पन्न पनि गरेका छौं, उनले भनेका छन्। उनले रूसले युक्रेनमाथि गरेको हमलामा रूसी सेनाले साहसपूर्वक काम गरेको पनि बताए।

उनले भने– रूसी सेनाले ठूलो काम गरेको छ, निकै साहसी काम गरेको छ, हामी त्यसैले सफल भएका छौं। रूसको सीमा क्षेत्रमा पश्चिमाहरूबाट खतरा देखिएको तथा रूसलाई पनि आणविक खतरा देखाइएको भन्दै यसका कारण रूसले युक्रेनमा विशेष सैन्य कारबाई गरेको उनले बताए।

रूसले गत हप्तादेखि नै युक्रेनमा हमला जारी राखेको छ। बिहीवार रातिसम्म पनि राजधानी युक्रेन र अन्य कतिपय शहरहरूमा रूसी सेनाले हमला जारी नै राखेको बताइएको छ। रासस

## चीनभित्रै सङ्क्रमण भएका थप सङ्क्रमित भेटिए

बेइजिङ, २० फागुन/सिन्हवा

चीनभित्रै कोरोना भाइरसका नयाँ सङ्क्रमित भेटिएको यहाँका स्वास्थ्य अधिकारीहरूले जानकारी गराएका छन्। चीनभित्रै पनि यहाँका नागरिकमा सङ्क्रमणका थप व्यक्ति भेटिएका ती अधिकारीहरूले जनाएका छन्। उनीहरूका अनुसार बिहीवार मात्र चीनमा कोरोना भाइरसका ६१ जना नयाँ सङ्क्रमित देखिएका हुन्।

तीमध्ये अधिकांश स्वदेशमा नै पाइएको ती अधिकारीले जानकारी दिए। त्यस्तै, अरू १५ वटा नयाँ घटना बाहिरबाट आएका पनि शनिवार जानकारी दिइएको छ। चीनको नेशनल हेल्थ कमिशनले शनिवार दिएको जानकारी अनुसार चीनमा शनिवार मात्र ८० जना नयाँ सङ्क्रमित भेटिएका र तीमध्ये ६५ जना चीनभित्रैका नागरिकमा पाइएको हो।

यहाँका स्थानीय नागरिकहरूबाटै उनीहरू सङ्क्रमित भएका पाइएको समाचारमा जनाइएको छ। हेबेइ, ग्वांगोग र जिलिनमा ती सङ्क्रमित पाइएका हुन्। पछिल्लो समयमा चीनले कोरोनाको परीक्षणलाई तीव्रता दिएको जनाएको छ।

चीनले कोरोनाबाट निको भएका नागरिकहरूको पुनः स्वास्थ्य जाँच गर्न शुरू गरेको छ। कोरोना पुनः हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै चीनले नागरिकहरूको निरन्तर परीक्षण गरिरहेको बताइएको छ। उत्तरी चीनको हुबेई प्रान्तमा पछिल्लो समयमा सङ्क्रमितहरू बढेको पाइएको छ। यसबाट यस क्षेत्रमा पछिल्लो समयमा स्थानीयस्तरमा कोरोना सङ्क्रमण बढेको पाइएको बताइएको छ।

### दक्षिण कोरियामा कोरोना भाइरसको सङ्क्रमण उच्च

सोल/सिन्हवा

दक्षिण कोरियामा गत २४ घण्टामा थप दुई लाख ६६ हजार ८५३ जनामा कोरोना सङ्क्रमण देखा परेको छ। त्यसपछि यहाँ कुल सङ्क्रमितको सङ्ख्या ३९ लाख ५८ हजार ३२६ पुगेको स्वास्थ्य अधिकारीहरूले शुक्रवार बताएका छन्।

कोरिया रोग नियन्त्रण तथा रोकथाम एजेन्सी (केडिसिए)को अनुसार यसअघिका दिनको एक लाख ९८ हजार ८०३ जनामा कोरोना सङ्क्रमण भएको थियो। ओमिक्रोन भेरियन्टको सङ्क्रमणले सोल महानगरीय क्षेत्रमा उच्च भएको जनाइएको छ।

यहाँ ५९ हजार २६९ जनामा कोरोना सङ्क्रमण भएको थियो। ग्योन्गी प्रान्त र पश्चिमी बन्दरगाह शहर इन्चेनमा बसोबास गर्ने नयाँ सङ्क्रमितको सङ्ख्या क्रमशः ७६ हजार ७२२ र १६ हजार ६८१ रहेका छन्। गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा ३१ जनाले बढेर ७९७ पुगेको छ।

कोरोना सङ्क्रमणको कारण थप १८६ मृत्युको पुष्टि भएको छ। यसैसँगै कोरोनाको कारण मृत्यु भएका कुल मृतकको सङ्ख्या आठ हजार ५८० पुगेको छ। कुल मृत्युदर ०.२२ प्रतिशत रहेको समाचारमा जनाइएको छ। देशले कुल जनसङ्ख्याको ८७.४ प्रतिशतलाई कोभिड–१९ खोप लगाएका छन्। पूर्णरूपमा खोप लगाएका मानिसहरू चार करोड ४८ लाख ६६ हजार ७० जना रहेका छन्।

### पाकिस्तानमा ९५३ कोरोनाका नयाँ सङ्क्रमित, ११ जनाको मृत्यु

इस्लामाबाद/सिन्हवा

पाकिस्तानमा बुधवार थप ९५३ जना कोरोना सङ्क्रमित भएका छन्। गत २४ घण्टामा यहाँ कोरोना सङ्क्रमणका कारण ११ व्यक्तिको मृत्यु भएको नेशनल कमान्ड एन्ड अपरेशन सेन्टर (एनसिओसी)ले बुधवार जानकारी दिएको छ।

पाकिस्तानमा हालसम्म १५ लाख १२ हजार ७०७ जनामा कोरोना सङ्क्रमण देखा परेको छ। तीमध्ये १४ लाख ५१ हजार ६६५ कोरोना भाइरस मुक्त भएका एनसिओसीले जनाएको छ। हाल पाकिस्तानमा ८९० जना गम्भीर बिरामीसहित ३० हजार ७९४ जना सक्रिय सङ्क्रमित रहेका छन्।

गत २४ घण्टामा कोरोना सङ्क्रमणका कारण थप ११ जनाको मृत्यु भएसँगै पाकिस्तानमा कोरोनाबाट ज्यान गुमाउनेको सङ्ख्या ३० हजार २४८ पुगेको छ।

पाकिस्तानको दक्षिणी प्रान्त सिन्ध सबैभन्दा बढी कोरोना प्रभावित क्षेत्र हो। यहाँ पाँच लाख ६९ हजार ३३८ जनालाई कोरोना सङ्क्रमण भएको छ। त्यसपछि पूर्वी प्रान्त पञ्जाबमा पाँच लाख २ हजार २६४ जना सङ्क्रमण भएका छन्। रासस

## अफगान लगानीकर्ताहरूलाई फिर्ता हुन आह्वान

काबुल, २० फागुन/सिन्हवा

अफगान कार्यवाहक सरकारका उपप्रधानमन्त्री मुल्लाह अब्दुल घानी बरादारले अफगान लगानीकर्ताहरूलाई स्वदेश फर्कन आह्वान गरेको सरकारले शुक्रवार जानकारी दिएको छ।

उनले बिहीवार काबुलमा आयोजित अफगानिस्तान राष्ट्रिय निजी क्षेत्र सम्मेलनमा उक्त टिप्पणी गरेको सरकारले एक विज्ञप्तिमार्फत जनाएको छ। "बरादारले विदेशमा रहेका अफगान लगानीकर्ताहरूलाई स्वदेश फर्केर यहाँ लगानी गर्न आह्वान गर्नुभएको जनाइएको छ। लगानीकर्ता र उनीहरूको सम्पत्तिको सुरक्षाको प्रत्याभूति हुनेछ," विज्ञप्तिमा भनिएको छ। "अन्तर्राष्ट्रिय नाकाबन्दीहरू दिन प्रतिदिन खुकुलो हुँदै गइरहेका छन् र उद्योग, व्यापार र लगानीमा थप सुविधा दिने प्रयास भइरहेको छ, आर्थिक अवस्था सुधार्ने प्रयास भइरहेको छ," बरादारले भनेका छन्।

मङ्गलवार विश्व बैंकको सञ्चालक समितिले अफगानिस्तान पुनर्निर्माण ट्रस्ट कोषको एक अर्ब अमेरिकी डलर स्थिर नराख्ने निर्णय गरेको छ। गत अगस्त १५, २०२१ मा तालिबानले कब्जा गरेपछि सो रकम फ्रिज गरिएको दी अफगानिस्तान बैंक (डिएबी)ले जनाएको छ। डिएबीले विश्व बैंकको यो कदमलाई सद्भावनाको रूपमा स्वागत गर्दै विश्व वित्तीय संस्थासँग थप सहकार्यका लागि आह्वान गरेको छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यर्थभ्रमण | वृष – मनोरञ्जन |
| मिथुन – सफलता | कर्कट – प्रगति |
| सिंह – व्यर्थभ्रमण | कन्या – यात्रालाभ |
| तुला – कडाश्रम | वृश्चिक – चोरभय |
| धनु – भयचिन्ता | मकर – विजय |
| कुम्भ – धनलाभ | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

घरघरमा शौचालय प्रयोग गरौं,
सभ्य नागरिकको परिचय दिऔं।

वीरगंज महानगरपालिका


## मागभन्दा पाँच गुणा बढी सुपारी आयात

काठमाडौं, २० फागुन/रासस

राष्ट्रियसभामा दिगो विकास तथा सुशासन समितिमा तेस्रो मुलुकबाट आयात हुने सुपारीको व्यापारमा भइरहेको नीतिगत व्यवस्थाका बारेमा अध्ययन गर्न गठित उपसमितिको प्रतिवेदन पेश गरिएको छ।

उपसमिति संयोजक सांसद रमेशजङ्ग रायमाझीले शुक्रवार समिति सभापति तारादेवी भट्टलाई प्रतिवेदन पेश गरेका हुन्। प्रतिवेदनका विषयमा समितिको आगामी बैठकमा छलफल गरी सरकारका सरोकार भएका निकायलाई निर्देशन दिइने उनले जानकारी दिए।

सुपारीसँग सम्बन्धित गुटखा उद्योगले पाँच हजार मेट्रिकटन सुपारी भए पुग्छ भन्ने गरेकामा सरकारले २५ हजार मेट्रिकटन आयात गर्न दिएको संयोजक रायमाझीले जानकारी दिए। यस विषयमा समितिले केही सचिव र सुपारी आयातकर्तालाई बैठकमा बोलाएकामा अनुपस्थित भएको उनले बताए।

व्यवसायीको प्रभावमा परेर सरकारले देशमा आवश्यकताभन्दा बढी सुपारी आयात गर्न दिएको उपसमितिको प्रतिवेदनमा उल्लेख छ। आयात भएको सुपारी भारत जाने गरेको पनि सांसद रायमाझीले बैठकमा सुनाए। यस विषयमा छलफल गर्न बैठकमा बोलाउँदा भन्सार विभागका महानिर्देशक पनि सरकारको निर्देशन पालना गर्नुपर्ने भन्दै नआएको उनले समिति बैठकमा जानकारी गराए।

**सभापतिसहित चारजना सांसदको बिदाइ**

समितिको आजको बैठकमा आजदेखि चार वर्षे कार्यकाल पूरा गर्न लागेका सभापति भट्ट, सांसदहरू दीनानाथ शर्मा, कविता बोगटी र चक्रप्रसाद स्नेहीलाई बिदाइसमेत गरिएको छ।

बिदाइ कार्यक्रममा सांसद गङ्गाकुमारी बेल्वासे, स्नेही, नन्दा चापागाइँ, विमला घिमिरे, शारदादेवी भट्ट, महेशकुमार

(बाँकी अन्तिम पातामा)

### मधेस : संस्कृति...

रामरतनका जेठो छोरा तथा उसका तीन/चार जना साथीले पूरै गाउँ चहारेर बल्लतल्ल काठका सातवटा कुर्सी, दुईवटा बेन्च र एउटा 'चौकी' (काठको खाट) लिएर आइपुगेछन्। त्यसको केहीबेरमा पसिनाले लपतप रामरतन आए। उनले पल्लो गाउँबाट फूलगोबी, पातगोबी, भन्टा, आलु र प्याज गरी दुई बोरा तरकारी शिकहरमा बोकेर ल्याएका छन्। रामरतनकी पत्नी छिमेकी महिलाहरूलाई 'गीतगारी' (मङ्गलचार) गाउन आउनका लागि भन्न गएकी रहिछन्।

टाटीले घेरिएको सानो आँगनमा काठको खम्बामाथि चार/छ वटा प्वाल भएको काठको एक खोप छ। बकबकुँ–बकबकुँको ध्वनिसँगै परेवाहरूको खोपमा बस्ने र उड्ने क्रम जारी छ। शायद ती पक्षीहरू आज मासिहरूको भीड देखेर हर्षित छन्। आँगनको एक कुनामा आधा दर्जन जति पाठापाठी बाँधिएका छन्। डोरीमा बाँधेर टाटीमा झुन्ड्याइएको बाँसको पात पुच्छर हल्लाउँदै उनीहरू खाइरहेका छन्। आज आँगनमा छोरीको पुजाइ कार्यक्रम हुने भएकोले रातरतनका भाइले पाठापाठीहरूलाई डोऱ्याएर खेततर्फ लगे।

तीनवटा सुत्ने कोठा भएको घरमा भान्साघर छुट्टै छ। उक्त भान्सामा बुहारीसहित तीन/चार जना महिला मङ्गलगीतका साथै खाना पकाउने कार्यमा व्यस्त छन्। एक महिलाले चामल केलाउनको लागि टाटीमा झुन्डिरहेको डगरा र सुपा झिकिरहेकी थिइन्। अचानक रामरतनले तरकारीको बोरा ल्याउँदै गरेको देखपछि ती महिला घुम्टोले अनुहार छोप्न थालिन्। भान्साघरमा बिरालो र मुसा आदिबाट खानेकुरा सुरक्षित राख्ने दुई/चार वटा 'शिकहर' छानामा झुन्डिरहेको छ। खाटको गोडा मुनि चार/चार वटा इँट जोडेर उचाइ बढाइएको खाटको छेवैमा दुईजना महिला गीत गाउँदै जातोमा चामल पिसिरहेका छन्। यसै बखत रामरतनका दुईजना सालोले दुई 'तसला' (सिल्वरको भाँडो) दही लिएर आइपुगे। "बबुवा, दही चौकी के निचा रख द लोगन," रामरतनकी पत्नी भाइहरूलाई हेरेर खुशी हुँदै दही खाटमुनि राख्न भनिन्। फुपू र फुपाजु छोराछोरीसहित एक दिनअगावै आइसकेका थिए। गाउँका युवाहरूले द्वार सफाइ गरिसकेपछि पानी छर्किरहेका थिए। वयस्कजन टाटीको छेकबार भएको आँगनमा सजाउने काममा तल्लीन थिए। आँगनमा दुईतिर काठको कुर्सी र एकातर्फ बेन्च सजाएर राखे। त्यसपछि प्लास्टिकको बोराले सिलेको त्रिपाल भुइँमा बिछ्याए।

मुख्य कच्ची सडकसँग एक शाखा सडकले त्यो गाउँलाई जोडेको छ। वर्षात्को महीनाभरि टापुमा परिणत हुने उक्त गाउँको जनजीवन कात्तिकदेखि जेठसम्म सामान्य रहन्छ। सडकको दुवैतर्फ गहुँको लहलहाउँदो बाला तथा तोरीको पहेंलो फूलले जगमग सरेहको सौन्दर्य हेर्दै पाहुनाहरू आइरहेका थिए। गाउँ लगभग एक किमी टाढा थियो। गाउँको वरै सडकको किनारमा वर्षौं पुरानो एउटा पीपलको अग्लो रूख छ। सोही बोटको छहारीमुनि पाहुनाहरूले विश्रामसँगै अन्य साथीहरूको प्रतीक्षा गर्न थाले। हाँगामा चराहरूको चिरबिर र गुँडमा बच्चाहरूको चिउँचिउँले यस्तो लाग्थ्यो कि उनीहरूले पाहुनाको स्वागतमा सङ्गीत वादन गरिरहेका छन्। सोही पीपलको रूखमुनि बालबालिकाहरू 'चोरलुकन्त' (लुकामारी) खेलमा व्यस्त थिए। पाहुनाहरूले ती केटाकेटीहरूलाई रामरतनको घरमा खबर पुऱ्याइदिनका लागि आग्रह गरे। उता केटाकेटीहरू उफ्रिँदै रामरतनको घरतर्फ लागे। यता प्रतीक्षारत पाहुनाहरू पनि पीपलको रूखनिर आइपुगे। एघारजनाको सङ्ख्यामा पाहुनाहरू थिए। यद्यपि सामग्री बोकेको बयलगाडा अहिलेसम्म आइपुगेको थिएन। अब केवल बयलगाडाको प्रतीक्षा भइरहेको थियो।

बालबालिकाहरूले पाहुनाहरू आइसकेको कुरा रामरतनलाई बताउँदै भने, "काका हो, पहुना लोग आ गइल बा, पिपर के गाछी तर बाटे लोग।" रामरतनले पाहुनाहरूको स्वागतमा दुईजना सालो तथा दुईजना छिमेकी गरी चारजनालाई पठाए। उनीहरूलाई गाउँभन्दा एक किमी पर रहेको पीपलको रूखसम्म पुग्न धेरैबेर लागेन। एकअर्कासँग प्रणामपाती हुँदै गर्दा एकजना पाहुनाले ठूलो स्वरमा भने, "होदे, बयलगाडी आवता।" केहीबेरपछि बयलगाडा आइपुग्यो। त्यसपछि पाहुनाहरू रामरतनको घरतर्फ हिंडे। अघिअघि पाहुनाहरू तथा पछिपछि बयलगाडा हिंडिरहेको थियो।

गाउँको शुरूमैं एकजना साहुको 'गोवास' (गोठ) पर्छ। बाँसको खुट्टीमा बाँधिएका दुई जोड गोरुमध्ये एक नादमा नाक डुबाएर 'लेदीपानी' खाइरहेको थियो र अर्को 'पगुरी' गरिरहेको थियो। गोठभन्दा पर चोक छ। उक्त चोकको एकातर्फ इनारनिर गाउँका मानिसहरूको जमघट लागेको थियो। गाउँलेहरू पाहुनाहरूको स्वागतमा उभिएका थिए। इनारबाट पानी भरिरहेका महिलाहरूले पाहुनाहरूलाई देख्ने बित्तिकै घुम्टो काढ्दै तीव्र गतिमा घरतर्फ लागे। त्यसै चोकदेखि पूर्वतर्फको गल्लीमा रामरतनको फुसको घर छ। साँघुरो गल्ली हुँदै पाहुनाहरू रामरतनको घर आइपुगे। वृद्ध तथा वयस्कजन पाहुनाहरूको स्वागत र सत्कारमा उभिए। युवाहरूले हातखुट्टा धुनका लागि पानी दिए। त्यसपछि पाहुनाहरूलाई सर्बत पिलाए। सोको केहीबेरमा दही, चिउरा, चिनी, तरकारी, अचार तथा नून–खुर्सानी नाश्ता खुवाइयो।

पुरोहित पूजाको तयारीमा व्यस्त छन्। रातो रङ्गको चामलले बनाइएको वेदीमाथि माटोको कलश तथा कलशमा आम्रपल्लव र त्यसमाथि ढकनामा चामल र सुक्खा नरिवलमा 'एकरङ्गा' (रातो कपडा) बेरेर राखिएको छ। पुरोहित उत्तराभिमुख बसेका छन्। पूजनस्थलको वरिपरि पाँचवटा 'चङ्गेली' (बाँसबाट निर्मित डलिया)मा जलेबी, खजुरी, टोपिया मिठाइ, कसार तथा फलफूल आदिमा आम्रपल्लव र फूल राखेर सजाइएको छ। आँगनमा वरपक्षका मानिसहरू बसिरहेका छन् भने वरिपरि बेहुली पक्षका आफन्त तथा गाउँले उभिरहेका छन्।

समग्र बन्दोबस्त भइसकेपछि वधूलाई पूजनस्थलमा ल्याउन पुरोहितले यजमानलाई आदेश दिए। युवतीहरू रातो वस्त्रमा सुसज्जित वधूलाई लिएर आउँदैछन्। सबैको ध्यान एकटक वधूतर्फ एकोहोरिन्छ। पुरोहितले कन्यालाई पूर्वाभिमुख बस्न भने। मन्त्रोच्चारणका साथ पूजन कार्य प्रारम्भ भयो। यता महिलाहरू पर्दाको पछाडिबाट मङ्गलचार गाइरहेका छन्।

गाई के गोबर से, महादेव, आँगना लिपाई।

सुनि ए शिव, शिव के दोहाई...॥

उपरोक्त मङ्गलगीत समाप्त भएपछि अर्को मङ्गलगीत गुञ्जायमान भयो।

कहली पार्वती कर जोर, शिव जी भँगिया दि ना छोड,

भँगिया पिसते पिसते हाथवा लाल बा, देखे में कमाल बा ना।

हमरा भोला बाबा के अँखिया लाले लाल बा, देखे मे कमाल बा ना,

भोले बाबा, बसाहा बयलावा तैयार बा, देखे मे कमाल बा ना...।

पूजन कार्य अन्त्यतिर थियो। पुनः एक अर्को मङ्गलगीत गुञ्जायमान भयो।

अब का लुकइबु हो मछरी, जल के भितारावा,

तहरा के ले जइँहे हो मछरी, जुल्मी हो मलाहवा...।

पूजन कार्य समाप्त भएपछि पाहुनाहरू द्वारमा एकअर्कासँग चिनजान तथा गफगाफ गर्न थाले। यता केही युवाले पाहुनाहरूलाई पुनः कागती पानीको सर्बत वितरण गर्न थाले। उता अन्य युवाहरू खाना खुवाउन बन्दोबस्त मिलाउन थाले। केहीबेरको अन्तरालपछि अहिले पाहुनाहरू आँगनमा खाना खाइरहेका थिए। महिलाजन पुनः मङ्गलगीत गाउन थाले। एकजना पाहुनाले व्यङ्ग्य गर्दै भने, "गारी गीत गावे ना आवेला का ?" पाहुनाहरूको हाँसोठट्टा भइरहेको बेला महिलाहरूको तर्फबाट गारीगीत गुञ्जायमान भयो।

चमचम चमके फूल के थाली, फूल जइसन भात हे,

एगो चावल गिरइब सम्धी, तुरब ताहार दाँत हे...।

त्यसपछि झन् ठूलो स्वरमा पुनः अर्को गीत गुञ्जित भयो।

अगहन मासे सम्धी काहे ना आइने,
कटहर के होला अधिकारी जी।
कोवा हीं फोर, रउवा थारी परोसब,
मुवडी करव, रउवा गाँडी जी...।

खाना खाइरहँदासम्म लोकगीतको बौछार भइरह्यो। माहोल निकै उत्साहप्रद थियो। सबैको मुहारमा हाँसो र खुशी थियो। खाना खाइसकेपछि बेसारले रङ्गिएको धोती र नगदका साथै सुपारी, छोहोडा, बदाम आदि पाहुनाहरूलाई दिइयो। फागु पर्व नजीकै भएकोले जीउमा रङ्ग र मस्तकमा अबिर दलियो। अन्त्यमा वर र वधू पक्षका समकक्षीहरूबीच अङ्कमाल गरेपछि पाहुनाहरूलाई बिदाइ गरियो। यसैबीच कुखुराको आवाजले रामरतनको निद्रा भङ्ग भयो। उनी ब्यूँझे। आँखा मिच्दै रामरतन मनमनै मुस्कुराए।

### पुर्जा.........

र ठीकठीक यही हुन्छ जिन्दगीमा।

उसले पहेंलो कागज लियो, त्यसलाई म्वाइ खायो। काइदाले पट्ट्यायो र गोजीमा राख्यो।

दुई मिनेटमा उसले आफ्नो जिन्दगीको दुई वर्ष बाँचेको थियो।

तर जब उसले घर छोड्यो, उ हारेको थिएन। यसको सट्टा एउटा प्रसन्न र गर्वित मान्छेसरह आफ्नो टाउको उच्च गरेको थियो। किनभने उसलाई थाहा थियो, जीवनको सर्वोत्तम वस्तु उसले पाएको थियो र उसलाई ती सबैमाथि दया लाग्न थाल्यो, जसले ती सबै कहिल्यै पाएका थिएनन्। (हिन्दीबाट अनुवाद–मुकेश)



**शान्तिदीपः** ३५ वर्षदेखि निरन्तर बलिरहेको शान्तिदीप लुम्बिनीमा रहेको मायादेवी मन्दिरको उत्तरपट्टि छ। शान्तिदीपको उत्तरपट्टि १६ सय मिटर लम्बाइ र १६ मिटर चौडाइको नहर छ। वरिष्ठ पुरातत्त्वविद् वसन्त बिडारीका अनुसार २०४३ कात्तिक १५ गतेदेखि एलपी ग्याँसको प्रयोग गरी यो दीप बाल्न शुरू गरिएको हो। एक दिनमा एक सिलिन्डर ग्याँस खपत हुने गरेको छ। तस्वीरः पङ्कज श्रेष्ठ

# वैशाखदेखि अवैध फोन नियन्त्रणमा आउने

काठमाडौं, २० फागुन/रासस

नेपाल दूरसञ्चार प्राधिकरणले आगामी वैशाखदेखि अवैध फोन नियन्त्रण गर्ने प्रविधि सञ्चालनमा ल्याउने जनाएको छ। शुक्रवार प्राधिकरणको २४औं वार्षिकोत्सव समारोहमा प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले आगामी वैशाखदेखि नेपालमा सञ्चालित अवैध फोन नियन्त्रणमा ल्याउने प्रविधि सञ्चालनमा ल्याइने बताए।

प्राधिकरणले गत साउन १ गतेदेखि आंशिकरूपमा अवैध फोन नियन्त्रण गर्ने प्रविधि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) लागू गरेको थियो। सो अवधिदेखि अवैध फोन नियन्त्रण गर्ने प्रविधि जडान गरे पनि पूर्णरूपमा प्रविधि जडान हुन सकेको थिएन। उनले एमडिएमएसका लागि आवश्यक पर्ने सफ्टवेयर आयात गरी जडानको काम सम्पन्न भएको भन्दै वैशाख १ गतेदेखि सो प्रविधि सञ्चालनमा ल्याइने बताए।

"सेवाप्रदायक छनोट गरी हाल इम्पोटर मोडल सञ्चालनमा आइसकेको छ, अब कस्टम मोडल सञ्चालनको तयारीमा हामी छौं, अब बाँकी केही काम सकेर वैशाखदेखि नै सञ्चालनमा ल्याउँछौं," उनले भने। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालले प्राधिकरणले एमडिएमएस जडानका लागि धेरै भाका (जडानको समय) सार्ने गरेको बताए। "एमडिएमएस लागू गर्ने भाका धेरै सारे, अब भाका नसारी छिटो अवैध फोन नियन्त्रणमा ल्याउनेतर्फ लाग्नुस्," उनले अध्यक्ष खनाललाई भने।

एमडिएमएसको सफ्टवेयर तथा हार्डवेयर राख्न प्राधिकरणले चाबहिलमा भवन निर्माण गरेको छ। निर्माणाधीन भवन प्राधिकरणलाई हस्तान्तरण भएसँगै एमडिएमएसका सम्पूर्ण कार्य सोही स्थानबाट हुने प्राधिकरणले जनाएको छ। एमडिएम सिस्टमले कर प्रणाली छलेका, नक्कल गरिएका र चोरीका मोबाइल दूरसञ्चार सेवामा प्रयोग गर्न नमिल्ने काम गर्छ।

प्राधिकरणले विसं २०७६ असारमा छ महीनाभित्र उक्त सिस्टम जडान गर्न भन्दै ओएसआई कन्सल्टिङ प्रालि, भारत र नमस्ते ग्लोबल कम प्रालि, सिङ्गापुरको ज्वाइन्ट भेन्चर छनोट भएका थिए। उक्त कम्पनीलाई एमडिएमएस जडान गर्न रु ८० करोड बराबरको ठेक्का दिइएको थियो।

## क्यूइए एप सार्वजनिक

प्राधिकरणले २४औं वार्षिकोत्सवको अवसरमा एनटिए क्यूइए एप सार्वजनिक गरेको छ। मोबाइल सेवा गुणस्तरसम्बन्धी सर्वसाधारणलाई जानकारी दिनका लागि सो एप सार्वजनिक गरिएको जनाइएको छ। शुक्रवार सूचना तथा सञ्चार प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले उद्घाटन गरेसँगै प्राधिकरणले सो एप प्ले स्टोरमा उपलब्ध भएको जनाएको छ।

एपमा प्रयोगकर्ता ३४५६७ सर्टकोड डायल गरी आइभिआर आधारित सर्वेक्षणमा र स्टार ३४५६७ ह्यास डायल गरी युएसएसडीमा आधारित सर्वेक्षणमा सहभागी हुन सक्नेछन्। साथै प्रयोगकर्ता वेबमा आधारित सेवाबाट समेत सर्वेक्षणमा सहभागी हुन सक्नेछन्। वार्षिकोत्सवको अवसरमा प्राधिकरणमा २० वर्ष काम गरेका दुईजना निर्देशकलाई दीर्घ सेवा पदक वितरण गरिएको छ। विसं २०५८ मा प्राधिकरणमा प्रवेश गरी २० वर्ष सेवा काम गरिसकेको भन्दै प्राधिकरणका निर्देशक सन्तोष पौडेल र डा सुरेन्द्रलाल हाडालाई सो पदक दिइएको हो।

वर्षभरिको उत्कृष्ट कर्मचारी अवार्ड प्राधिकरणका सहायक निर्देशक सगुन श्रेष्ठलाई दिइएको छ। उनलाई नगद रु १५ हजारसँगै दुई ग्रेड वृद्धि गरिएको छ।




# खेलकूदको संसार

## पटेर्वासुगौली गोल्डकप : चितवन सेमिफाइनलमा

प्रस, सेढवा, २० फागुन/

समता समाज नेपालद्वारा आयोजित दोस्रो पटेर्वासुगौली गोल्डकप प्रतियोगितामा वसन्तपुर युनाइटेड माडी, चितवन सेमिफाइनलमा प्रवेश गरेको छ।

निर्धारित समयमा खेल दुई/दुई गोलको बराबरीमा सकिएपछि टाइब्रेकरबाट निर्णय लिएको र सोमा पर्सा राइडर्स सिरहीलाई पराजित गर्दै माडीले जीत हात पारेको हो।



तस्वीरः प्रतीक

निर्धारित समयमा पर्सा राइडर्स सिरहीले दुई गोलको अग्रता लिए पनि माडीले खेल अवधिको अन्तिम दुई मिनेट बाँकी हुँदा दुईवटै गोल फर्काएर खेल बराबरी पारेको थियो। माडीका रितेश क्षेत्रीले खेलको ८८औं मिनेटमा पहिलो गोल फर्काएका थिए भने सुशान्त थिङले खेलको ९०औं मिनेटमा दोस्रो गोल पनि फर्काएर खेललाई बराबरीमा ल्याए।

यसअघि पर्सा राइडर्स सिरहीका सुजन डङ्गोलले २०औं मिनेट र पदम नेपालीले ८४औं मिनेटमा एक/एक गोल गरेका थिए। आजको खेलमा माडीका गोलकीपर रञ्जीत अर्याल 'म्यान अफ दी म्याच' घोषित भए। अर्याललाई नगद १५ सय रुपैयाँसहित ट्रफी प्रदान गरिएको थियो।

भोलि शनिवार दोस्रो क्वाटरफाइनल खेल कालिका स्पोर्ट्स एकेडेमी चितवन र पटेर्वासुगौली गापाबीच हुने आयोजक समितिले जनाएको छ।

# महिला तथा किशोरी हिंसाविरुद्ध अन्तर्क्रिया

प्रस, वीरगंज, २० फागुन/

महिला तथा किशोरीमाथि हुने हिंसाविरुद्ध लडाइँ परियोजना अन्तर्गत अन्तर्राष्ट्रिय महिला दिवस-२०७८ को अवसरमा बालविवाह तथा अन्य हानिकारक अभ्यास विषयक एक दिने अन्तर्क्रिया शुक्रवार पटेर्वासुगौली गाउँपालिकामा सम्पन्न भएको छ।



तस्वीरः रासस

दलित महिला केन्द्र नेपालको आयोजनामा भएको अन्तर्क्रियामा महिला तथा किशोरीहरूमाथि हुने भेदभावका कारक तत्त्व अशिक्षा रहेको गापाकी उपाध्यक्ष ममता महतो थारूले बताइन्। उनले महिलामाथि बढ्दो हिंसालाई रोक्न समाजअगाडि बढ्नुपर्नेमा जोड दिइन्। विगतको तुलनामा अहिले महिला हिंसाका घटनामा कमी आएको उनले बताइन्। हिंसाविरुद्ध जनचेतनामूलक कार्यक्रमको आयोजना गरी स्थानीय सरकार महिला तथा किशोरीहरूलाई हिंसाबाट जोगाउन प्रयासरत रहेको उनको भनाइ छ।

संस्थाका कार्यकारी निर्देशक तेजेन्द्र लामाले यो कार्यक्रम मधेस प्रदेशका बारा, पर्सा तथा सप्तरी जिल्लामा सञ्चालनमा रहेको बताए। मधेसमा महिला हिंसाका घटनामा वृद्धि हुन थालेपछि यो कार्यक्रम गरिएको उनले बताए। उनले सखुवाप्रसौनी तथा ठोरी गापामा कार्यक्रम लागू गर्ने बताए। उनले कोही महिला हिंसामा परे टोल फ्री नम्बरमा निश्शुल्क फोन गरे तत्काल उद्धार गरिने बताए।

बालविवाह, बहुविवाह तथा महिला हिंसासम्बन्धी कानूनी व्यवस्था तथा दण्ड सजायबारे चन्द्रिकाप्रसाद पटेलले जानकारी गराएका थिए। अधिकृत रविना लुइँटेलले कार्यक्रमबारे प्रकाश पारेकी थिइन् भने सहजीकरण नीलाकुमारी रामले गरेकी थिइन्।

# जनमत पार्टीद्वारा गौरमा प्रदर्शन

प्रस, रौतहट, २० फागुन/

जनमत पार्टी, रौतहटले शुक्रवार सदरमुकाम गौरमा प्रदर्शन गरेको छ।



तस्वीरः रासस

गौरको बिपीचोकबाट जुलुस निकालेर नगरपरिक्रमा गरी जिल्ला निर्वाचन कार्यालयअगाडि कोणसभामा परिणत भएको थियो।

जुलुसमा 'किसान आन्दोलन जिन्दाबाद, समयमा मलखाद र बीउको व्यवस्था गर, सिंचाइको व्यवस्था गर, नसके सिंचाइको बिजुली निश्शुल्क गर, हावाहुरी र वर्षाबाट बालीनाली क्षति भएको भन्दै किसानलाई राहत देऊ, बालीको उचित मूल्याङ्कन गर, उखु किसानको भुक्तानी गर, किसानमाथि दमन बन्द गर, झूटा मुद्दा खारेज गर, पक्राउ परेका आन्दोलनकारीलाई रिहा गरलगायतका नारा लगाएका थिए।

**मागभन्दा.....**

महरा र बोगटीले चार वर्षे कार्यकालमा समितिले दिएका धेरै निर्देशन सरकारले कार्यान्वयन नगरेको, कोभिडका कारण समितिको वार्षिक कार्ययोजना पूरा हुन नसकेको विषयमा सरोकार भएका निकायको ध्यानाकर्षण गराएका थिए।

बैठकमा सभापति भट्टले समिति सचिवालयले दिएका निर्देशन कार्यान्वयन भए/नभएको नियमितरूपमा पछ्याउने विश्वास व्यक्त गरे। सभापति कार्यकालको अन्तिम बैठकमा उनले चार वर्षसम्म कार्यसम्पादनमा सहयोग गर्ने सबैप्रति धन्यवाद ज्ञापन गरेका थिए।

**भ्रष्टाचार अपराध हो, यसको अन्त्य गरौं।**

- कसैले नाजायज फाइदा लिनदिन खोजेमा,
- अनुचित दबाब सृजना गरी गैरकानूनी लाभ लिनेदिने गरेमा,
- कुनै काम गरिदिने वा नगरिदिने नाममा गैरकानूनी लाभ लिनदिन खोजेमा,
- गैरकानूनी सम्पत्ति जम्मा गरेको पाइएमा, त्यस्तो कार्य भ्रष्टाचारजन्य कार्य हो।

त्यसैले,

त्यस्ता कार्यमा संलग्न व्यक्ति वा संस्थाको बारेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनलाई खबर गरौं। भ्रष्टाचारमुक्त समाजको निर्माणमा पहल गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय | कैफियत |
|---|---|---|---|---|---|
| १) | साहित्यिक चौतारी नेपाल | पुस्तक विमोचन | कुमु प्यालेस | ११:०० बजे | (आमन्त्रितमात्र) |
| २) | दलित महिला केन्द्र नेपाल | अन्तर्क्रिया | सखुवाप्रसौनी गापा कार्यालय | ११:०० बजे | |